*Detail of the new additional glazed shutter inside the lattice window for insulation. If screen is desirable, this could be fixed on top of the lattice, so the glazed shutter is still possible to fix in the same place as above.*

***चित्र ७२. आँखि भ्यालमा शिशा खापाः***
*ताप नियन्त्रणको लागि आँखि भ्याल भित्रको थप नयाँ ऐना भएको खापाको विवरण । यदि जाली इच्छाएको छ भने आँखि भ्यालको माथि राख्न सकिन्छ, त्यहि ठाउँमा पूर्ववत् अझै ऐना भएको भ्याल राख्न सम्भव छ ।*

***चित्र ७२. तिकिभ्यालय् न्हायकं खापाः***
*ताप नियन्त्रणया लागि तिकिभ्या दुने न्हुगु न्हाय्कं दुगु शटरया विवरण । यदि जाली यःगु खःसा तिकिभ्याया च्वे तय्फु, वहे थासय् पूर्ववत् अझनं न्हायकं दुगु भ्या तय् सम्भव जु ।*




***Fig. 73 Glazed shutter in sanjhyah.***

*If someone desires to make openings separate, the existing lattice shutter could be moved back to install a new glazed shutter. In this case the lattice shutter could be opened all the time, which makes it easier for homeowners too.*

***चित्र ७३. सँझ्यालमा शिशा खापा***

*यदि कसैले शिशा खापा छुट्टै खोल्न हुने इच्छा गर्दछ भने, भएको आँखि झ्याललाई अलि पछाडी सारेर नयाँ शिशाको झ्याल फिट गर्न सकिन्छ । यस अवस्थामा आँखि झ्याल जहिले पनि खोल्न सकिन्छ जस्ले घर धनीलाई पनि धेरै सजिलो तुल्याउँछ ।*

***चित्र ७३. सँझ्यालय् न्हाय्कं खापा :***

*यदि सुयानं छुट्टै न्हायक खापा चाय्के इच्छा दःसा दूगु तिकिझ्यालय् लिउनी ध्वानान्हुगु न्हाय्कं खापा स्वायफुगु ख । थ्व अवस्थाय् तिकिझ्या न्ह्याबलें चाय्के जी गुकें याना छेँ थुवायात न तस्सकं अःपुका बी ।*









***Fig. 74. Glazed shutter in sanjhyah.***
*Detail of the new additional glass in the sanjhyah's shutter for insulation. Adding a glass with listi at the back of the existing lattice shutter. This will help to retain the old look of the windows from outside.*

***चित्र ७४. सँझ्यालमा शिशा खापा:***
*ताप नियन्त्रणको लागि सँझ्यालमा नयाँ थप शिशा खापाको विवरण । आँखि झ्यालको पछाडी लिस्टिले शिशा राखेको । यसले बाहिरबाट अझै पुरानो झ्यालहरु जस्तो देखिन मद्दत गर्दछ ।*

***चित्र ७४. सँझ्यालय् न्हायकं खापा:***
*ताप नियन्त्रणया लागि सँझ्यालय् न्हुगु थप न्हायकं खापाया विवरण । तिकिझ्याया ल्युने लिस्टितया न्हायकं त:गु । थुकें याना पिनें स्वेबले अझनं पुलां झ्यात थें खने दयत मद्दत ब्यु ।*




Section




Plan



***Fig. 75 Make fixed lattice openable.***

*In the worst case if the homeowner wants to make the lattice also openable, the lattice has to be taken out from the original frame and installed on a new shutter frame to hinge on the existing frame. It is not advisable to take lattice out from the original frame to be openable, but it is better than cutting out part of the lattice window.*

**चित्र ७५. आँखि झ्याल खोल्न हुने बनाउने**

चरम अवस्थामा यदि घर धनीले आँखि झ्याल पनि खोलिराख्न चाहन्छ भने पहिलेको अवस्थामा फ्रेम निकाल्नु पर्दछ र भएको आँखि झ्याल नयाँ फ्रेम जडान गरि सो लाई कब्जाले पुरानोमा जोड्न सकिन्छ। यो खोल्न हुन बनाउन पुरानो झ्याल निकाल्न सल्लाह दिएको होइन, आँखि झ्यालको भाग काट्नु नै भन्दा यो उचित हुन्छ।

**चित्र ७५. तिकिझ्या चाय्के जीकेगु**

चरम अवस्थाय् यदि छेँ थुवाया तिकिझ्या न्ह्याबलें चाय्के मा:सा न्हापाया अवस्थाय् टिकीझ्या लिकाय् माली व दुगु न्हुगु फ्रेमतया कब्जा स्यायमा खापायात अन्तरापं स्वाय्मा। थ्वैत चाय्के जीकेत पुलांगु झ्या लिकाय्गु सल्लाह ब्युगु मखु, तिकिझ्यायात चाय्गु सियां थ्व उचित जू।









***Fig. 76. Adaptation of 19th century openings (panel shutter).***
*Most of the window shutters are timber paneled shutters which homeowners don't like because they don't allow light in and sometime they want to have screen for protection from insects. But to adapt to homeowners demand is not difficult. If they just want glazed shutter, the existing panel shutter's frame is usable, only the timber panel has to be replaced with glass. If they need screen too, then the screen has to go in the existing shutter frame (replacing the timber panel) and the new glazed shutter has to go inside that.*

***चित्र ७६. १९औं शताव्दिका दिला खापाहरुको परिमार्जन***
*झ्यालका खापाहरु धेरै जसो काठका डिलाहरु हुन्छन् जुन घर धनीहरुलाई मन पर्दैन किनभने यसले प्रकाश दिंदैन र कहिलेकाहीं तिनीहरु किराहरुबाट बच्न जाली राख्न चाहन्छन् । तर घर धनीको माग अनुसार यो गर्न गाह्रो छैन । यदि शिशाको खापा चाहिएको भए मौजुद खापालाई नै प्रयोग गर्न सकिन्छ । खाली डिलाको सट्टा शिशा राख्नु पर्नेछ । यदि जाली पनि चाहिएको भए मौजुदा खापा (डिला संग प्रतिस्थापन गर्ने) मा जाली राख्नु पर्ने हुन्छ र नयाँ शिशाको खापा यस भित्र राख्न सकिन्छ ।*

***चित्र ७६. १९औं शताव्दिया दिला खापातय्गु परिमार्जन***
*झ्याखापात अप्व याना सिंया डिलात जू, गुगु छेँ थुवातय् मय, छाय्धासा थुकें जः मब्यु व गुब्लें गुब्लें उमिसं कीत पाखें बचे ज्वीत जाली तय् यय्कु । तर छेँ थुवातय् माग अनुसार थ्व याय् थाकु मजु । यदि न्हाय्कं खापा माःगु खःसा मौजुद खापायात हे छ्यले फु, खाली डिलाया सट्टा न्हाय्क तय् माली । यदि जाली नं माःगु खःसा मौजुदा खापाय् (डिला प्रतिस्थापन यागु) जाली तय् माली व न्हुगु न्हाय्कया खापा थुके दुने तय् माली ।*









***Fig. 77. Adaptation of 19th century openings (louver shutter).***

*Normally louver shutters open outside and inside the panel shutter. Detail of new replacements: outer louver with screen for air circulation and inner panel shutter with glazed shutter for light.*

***चित्र ७७. १९औं शताव्दिका दिला खापाहरुको परिमार्जन (अतास खाना)***

*साधारणतः अतासखाना खापा बाहिर खुल्दछ र डिला खापा भित्र खुल्दछ । नयाँ प्रतिस्थापनको विस्तृती बाहिरी अतास खाना जाली सहित हावा संचार र भित्री खापा प्रकाशको लागि शिशा खापा ।*

***चित्र ७७. १९औं शताव्दिया दिला खापातयुगु परिमार्जन (फिरफिरेचा खापा)***

*साधारणतः फरफिरेचा खापा पिने व डिला खापा दुने न चाकी । न्हूगु प्रतिस्थापनया विस्तृती पिने फरफिरेचा खापा जाली नापं फय् संचार व दुनेया खापा जःया लागि न्हाय्कं खापा नापं ।*



***Fig. 78. Security bars.***
***Left:*** *Today people install metal grills for security, no matter either in the historical windows or in the modern.* ***Right:*** *There are some old solutions too for security, such as plain steel bars with brass holders on both ends which is much simpler as well cheaper.*

***चित्र ७८. सुरक्षा बारहरु***
***बायाँ*** *आजकल मानिसहरु सुरक्षाको लागि धातुका ग्रिलहरु राख्दैछन् चाहे त्यो ऐतिहासिक झ्यालमा होस् वा आधुनिक ।* ***दायाँ*** *सुरक्षाको लागि केही पुराना समाधानहरु पनि छन्, दुवै छेउमा पित्तलका गट्टा सहित साधा फलामका डण्डिहरु धेरै सरल र सस्ता पनि छन् ।*

***चित्र ७८. सुरक्षा बारत***
***खवे:*** *थौंकन्हे मनुतसें सुरक्षाया लागि धातुया ग्रिलत त, चाहे वे ऐतिहासिक झ्यालय् ज्वीमा वा आधुनिक ।* ***जवे:*** *सुरक्षाया लागि छुं पुलांगु समाधानत दु, निखे च्वकाय् लीया गट्टा नापं साधा फलामया डण्डित यक्व अ:पु व दं नं दं ।*

Many homeowners complain that old houses have very minimal size openings. In the worst case it is also possible to replace smaller opening with larger ones (depending upon the condition of the building and the importance of existing windows) for more air circulation, light and comfort. This occurs mainly on the first floor, where small lattice windows are located.

पुराना घरहरुमा धेरै साना झ्यालहरु (कम खुल्लापन) छन् भनी धेरै घरधनीहरु गुनासो गर्छन् । अति नै खराब अवस्थामा बढि हावा संचार, प्रकाश र आरामको लागि साना झ्यालहरुलाई ठूलोले प्रतिस्थापन गर्न संभव छ (यो घरको अवस्था र मौजुदा झ्यालहरुको महत्वमा भर पर्दछ), विशेष गरि पहिलो तल्लामा जहाँ साना आँखी झ्यालहरु राखिएका हुन्छन् ।

पुलां छेँतय्के यक्व चिपागु झ्या (म्हो खुल्लापन) दु धका यक्व सिनं कुं ख्युनेगु या । तस्सकं हे बांमलागु अवस्थाय् अप्व फय् संचार, जः, व आरामया लागि चिध.गु झ्यात तधंगुलीं प्रतिस्थापन याय् संभव जू (थ्व छेँया अवस्था व मौजुदा झ्यातय्गु महत्वय् भर परेज्वी), विशेष याना मातं तल्लाय् गन चिकि पा:गु तिकिझ्यात तैतगु दु ।



***Fig. 79. Replacement of old openings.***
***Left:*** *A house with different period windows. Most probably the first floor openings were replaced in the 20th century, which is compromisable.* ***Middle:*** *In this house the first floor openings were replaced with new ones, for comfort rather than for more air circulation, because the opening area is not very different between the old and new.* ***Right:*** *It could also be possible to remodel with vertical windows, which go together with the rest of the façade and adjoining buildings.*

***चित्र ७९. पुराना झ्यालहरुको प्रतिस्थापन***
***बायँ:*** *विभिन्न अवधिका झ्यालहरु सहितको एक घर । सम्भवत पहिलो तल्लाका झ्यालहरु २० औं शताब्दिमा प्रतिस्थापन गरिएको थियो जुन समिश्रण पुरानो संग ग्राह्य छ ।* ***बिचमा:*** *यस घरमा पहिलो तल्लाको झ्याल नया फेरियो । तर यो प्रतिस्थापन बढी हावा संचारभन्दा खाली आरामको लागि गरिएको छ किनभने नयाँ र पुरानोको झ्यालको क्षेत्रफलमा खासै अन्तर छैन ।* ***दायाँ:*** *यसलाई ठाडो झ्यालहरु सहित मोहडा र सँगैका घरहरुसँग मिल्ने गरि पुन रचना गर्न सकिन्थ्यो ।*

***चित्र ७९. पुलांगु झ्यातय्गु प्रतिस्थापन***
***खवे:*** *थी थी कालया झ्यात नापं छखा छेँ । सम्भवत:: थ्व छेँ मातनेया झ्यालत २० औं शताब्दिई प्रतिस्थापन यागु ख । गुगु समिश्रण पुलागुं नाँप अप्व  मिलेजु ।* ***बिचय:*** *थ्व छेँ मातने युगु झ्या न्हगु तल । तर थ्व प्रतिस्थापन अप्व फय् संचार स्वयां मुक्कं आरामया लागि यागु ख छाय्धासा न्हुगु व पुलांगु झ्याले क्षेत्रफल खास अन्तर मदु ।* ***जवे:*** *थ्वैत तप्यंगु झ्यात नापं मोहडा व नापंया छेँत नापं मिले ज्वीक हाकनं दय्के फु ।*

## 5.6 Timber Floor

A timber floor can be adapted to raise floor height. Most of the old floors have a thick mud layer, about 6" high which homeowners don't want to maintain. Removing the mud floor and adapting a new timber floor will add a few inches in the floor to ceiling height. This will give a nice look to the floor, allow easy maintenance, warmth and good health too. If someone wants to install sukuls or carpet, it is also possible to put plywood above the joist, which give a leveled surface and is cheaper.

## ५.६ काठको भुइँ

तल्लाको उचाई बढाउनको लागि काठको भुइँलाई मिलाउन सकिन्छ। धेरै जस्तो पुराना भुइँहरू ६" जस्तो बाक्लो माटोका तहका छन् र यसलाई घरधनीले मर्मत संभार गर्न चाहेका हुदैनन्। माटोका भुइँलाई हटाएर नयाँ काठको भुइँ हालेर तल्लाको उचाईमा केही ईंच बढाउन सकिन्छ। यसले भुइँलाई राम्रो स्वरुप दिन्छ। मर्मत सरल छ तथा यस्ले न्यानो र स्वस्थ्यकर बनाई दिन्छ। यदि कसैले सुकुल वा कार्पेट राख्न चाह्यो भने पनि दलिनको माथि प्लाइउड राख्न सकिन्छ जसले सतहलाई एक नास राखि दिन्छ र यो सस्तो पनि हुन्छ।

## ५.६ सिंया बं

तंया जा तःजा यायत सिंया बंयात मिले याय्ज्यु। अप्व थें पुलांगु बंय् ६" थें ख्वातुगु चा व दु व थ्वैत छँ थुवानं ल्हवनेगु याय्गु कुत तयगु ज्या मया। चाया बंयात लिकया न्हुगु सिंया बं तया तंया जाः छुं ईंच बढे यायफु। थुकें बंयात बांलागु स्वरुप बी। ल्हवनेगु अपु जु तथा थुकें क्वाकेगु ज्या याना स्वस्थ्यकर याना बी। यदि सुयां सुकु वा कार्पेट तय् यःसा नं धलिंया च्वे प्लाइउड तय्ज्यु, गुकें याना सतहयात एक नास याना बीगु याई व थ्व दं न दं।




***Fig. 80. Old mud floor vs. new adapted timber floor.***
***Top left:*** *Traditional mud floor, showing different layers of materials used.* ***Top rght:*** *New proposed floor with eliminated mud floor, which adds a few inches more to the floor to ceiling height, doesn't require dealing with the mud floor.* ***Bottom:*** *Advisable joints in between the planking floor, if only one layer planking applied: a) ship lap joint, b) spline joint, c) fillet joint and d) tongue and groove joint.*

***चित्र ८०. पुरानो माटोको भुइँ र नयाँ मिलाईएको काठको भुइँ***
***माथि बायाँ:*** *प्रयोग गरिएका विभिन्न सामाग्रीका तहहरू देखाईएको परम्परागत माटोको भुइँ।* ***माथि दायाँ:*** *नयाँ प्रस्तावित माटो हटाईएको भुइँ जसले कोठाको उचाईलाई केही इन्च बढाउँछ र साथै माटोको भुइँमा चल्नु नपर्ने बनाउछ।* ***तल:*** *यदि एक तह मात्र फल्याक राख्ने हो भने यस्तो फल्याक जोर्नी राख्न सल्लाह दिन सकिन्छ। क) शीप ल्याप जोर्नी ख) स्प्लाइन जोर्नी ग) फिलेट जोर्नी घ) टंग एण्ड ग्रुभ जोर्नी।*

***चित्र ८०. पुलांगु चाया बं व न्हु कथं मिले याना तःगु सिंया बं***
***च्वे खवे:*** *छ्यला तःगु थि थि सामाग्रीतय्गु तहत क्यना तःगु परम्परागत चाया बं।* ***च्वे जवे:*** *न्हूगु प्रस्तावित चा लिकया तःगु बं, गुकें सिलिंग जा छुं इन्च बढे याई व नापं चाय् सने म्वाकाबी।* ***क्वे:*** *यदि छतं जक सिपु तयगु खःसा थन्यागु स्वापु तयगु सल्लाह बी। क) शीप लायप स्वापु ख) स्प्लाइन स्वापु ग) फिलेट स्वापु घ) टंग एण्ड ग्रुभ स्वापु।*

Planking could be done also as a stiffening rigid horizontal plate in double layer, perpendicular to each other and diagonal (45 degree) with the load bearing wall.

फल्याकलाइ दुई तहमा प्रयोग गरि एक अर्कोसंग लम्ब हुने र भार खप्ने गारो संग ४५ कोण हुने गरि एक दह्रोपन दिने साह्रो सोझो फल्याकको रुपमा प्रयोग गर्न सकिन्छ ।

सिपुत निगु तहले प्रयोग याना एक आपसे लम्ब ज्वीकेगु व ब्वझ क्वबीगु अंग नापं ४५ कोण ज्वीक छगु बल्लागु तप्यंगु सिपुया रुपय् छ्यले फु ।

*A. Timber border 2"x 6"(mainly for decoration)*
*B. Two layers of planking on diagonal (1" thick)*
*C. Existing joist*
*D. Existing wall plate*
*E. Brick masonry*

*क) काठ बोर्डर २"X ६" (सजावटको लागि)*
*ख) तेर्सो पर्ने गरि राखिएका दुइ तहको फल्याक (१"बाक्लो)*
*ग) विद्यमान दलिन*
*घ) विद्यमान नस*
*ड.) ईटाको गारो*

*क) सिंया सिमाना २"X ६" (सजावटया लागि)*
*ख) ब्यक्वेक तयात:गु निगु तहया सिपु (१" फि)*
*ग) विद्यमान धलिं*
*घ) विद्यमान नस*
*ड.) अंग*




***Fig. 81. Double layer planking as new adapted floor.***
***Left:*** *Axon showing stiffening of the building floor, achieved with double layered planking at 45 degrees with masonry wall and perpendicular to each other together with the floor joist, which create a three-layered rigid plate.* ***Right:*** *Detail at the corner with border layer. The border layer is not important structurally, and is only for decoration. This solution was implemented only in Patukva Agache at the moment.*

***चित्र ८१. नयाँ परिमार्जित दुइ तह फल्याक सहितको भुइँ***
***बायाँ:*** *गारोसंग ४५ डिग्री र एक आपसमा लम्व हुने गरि दुइ तहको फल्याकले दलिन संग दह्रिलो तिन तह बनाउदै घरको भुईलाई पनि दह्रो बनाएको देखाईएको सेक्सन ।* ***दायाँ:*** *बोर्डर तह सहितको कुनाको विस्तृती । बोर्डर तह संरचनाको दृष्टिले महत्वपूर्ण छैन, यसले कोठालाई सुन्दर मात्र बनाउँछ । अहिले सम्ममा यो समाधानको उपाय खाली पटुको आगच्छे पाटनमा मात्र प्रयोग गरिएको छ ।*

***चित्र ८१. न्हूगु परिमार्जित निगु तह सिपु सहितया बं***
***खवे:*** *अंग नापं ४५ डिग्री व थ:थलय् लम्व ज्वीक निगु तहया सिपु धलिं नापं बल्लाक स्वंगु तह दय्का छेँया बंयात न बल्लाका ब्युगु क्यना त:गु ।* ***जवे:*** *बोर्डर तह नापंया कुंया विस्तृती । बोर्डर तह संरचनाया दृष्टिं महत्वपूर्ण मजु, थुकें कोठायात बां जक लाका बी । आ तक्क थ्व समाधानया उपाय खाली पटुको आगंच्छेय् यल जक छ्यगु दु ।*

## 5.7 Timber Treatments

Buildings are at risk from two types of fungal attack: wet and dry rot. Wet rot arises where timbers are damp from contact with a wet wall or floor or water leaking from roof. Dry rot (serpula lacrimans) can usually be found in upper parts of buildings where there have been leaking roofs.

Dry rot spreads by root-like strands, which can join together to form a white mass over the surface of the timber. The strands of the dry rot fungus can even pass through brick-work to find more wood on which to feed. The fungus will, in favorable conditions, produce a brown fruiting body, that generates millions of spores which look like brown dust.

Timber can be treated by chemicals, but the best treatment is to control the environment, by keeping the building dry and well-ventilated with a sound roof, so that conditions are unfavorable to fungal attack.

## ५.७ काठका इलाजहरू

घरहरू दुइ किसिमका ढुसी आक्रमणबाट जोखिममा पर्छन । एक, भिजेको सडनबाट जस्मा भिजेको गारोको वा भिजेको भुई सम्पर्क वा चुहिएको छानाको पानीबाट काठलाई भिजाई दिन्छ र अर्को सेर्पुला लाक्रिमन्स (सुखा मक्काइ) बाट, जुन छाना चुहिएका घरका माथिल्ला तल्लाहरूमा धेरै पाईने हुन्छन ।

सुखा मक्काइ जरा जस्ता धागाहरूबाट फैलिन्छ, जुन जोडिएर काठको सतह माथि एक सेतो पिण्ड बन्न जान्छ । सुखा मकाइका ढुसीका धागाहरू खुराक बढि लिन काठको खोजीमा ईटा समेत छेडेर जान सक्छन । ढुसीले अनुकुल वातावरण पाएमा एक कैलो रंगको फल दिने बस्तु बनाउँदछ जसले खैरो धुलो जस्तो देखिने लाखौं कोषहरू उत्पादन गर्दछ ।

काठहरूलाई रसायन द्वाराउपचार गर्न सकिन्छ तर सर्वश्रेष्ठ उपचार भनेको वातावरणलाई नियन्त्रण गर्नु हो, जस्तो कि घरलाई सुखा राखेर, राम्रो छाना सहित राम्ररी हावादार बनाएर ताकि ढुसी आक्रमणको निमित अनुकुल वातावरण बन्न नसकोस् ।

## ५.७ सिंया इलाजत

छैँत निगु कथं ढुसी आक्रमणपाखें जोखिमय् लाय्फु । छगु, प्यागु ध्वग्गीपाखें गुके प्यागु अंगया वा प्यागु बंया सम्पर्क वा ज्वःगु पौया लखं सिंयात प्याका वीगु याई व मेगु गंगु मकाइनं, गुगुकि पौ ज्वःगु छैँया च्वेया तंतय्के अप्व खने दु।

गंगु मकाइ हा थें न्यागु सुकां फैलेजु, गुगु कि सिं सतह लय् जोडे जुया छगु तुयुगु पिण्ड बने ज्वी । गंगु मकाइया ढुसीतय् सुकात खुराक अप्व काय्त सिं मामां अप्पा नापं तछ्याना वने फु । ढुसीईं अनुकुल वातावरण ल्विकल कि छगु गेरु रंगया फल बीगु बस्तु दय्का बी गुकें गेरु रंगया धू थें ज्यागु लाखौं कोषत दय्का बी ।

सिंतय्त रसायन पाखें उपचार याय्फु तर सर्वश्रेष्ठ उपचार धैगु वातावरणयात नियन्त्रण याय्गु ख, गय्कि छैँयात ग.क तया, बांलागु पौ नापं बांलाक्क फय् ज्वी जीक दय्का ताकि ढुसी आक्रमणया निर्तिं अनुकुल वातावरण दय् मफय्मा ।



# CHAPTER 6

## Masonry wall

# CHAPTER 6

## MASONRY WALL

The facade brickwork in old buildings is finely finished *dachi apa*, one of the most characteristic features of traditional Nepali architecture. Specially-designed tapered, trapezium-shaped bricks allow construction with only a hairline joint visible at the front but enough mortar space at the rear of the brick to allow solid fixing. The minimal exposure of mortar to the elements helps prevent erosion by rain.

# अध्याय ६

## पक्की गारो

पुराना घरहरुको अगाडी मोहडाको ईट्टाको काम दचि अप्पा (ईटा) राखेर गरेको हुन्छ जुन परम्परागत नेपाली वास्तुकलाको एक प्रमुख विशेषता हो । विशेष डिजाइनका चुच्चिएका समलम्ब चतुर्भुज आकारको ईट्टाको निर्माणमा अगाडि पट्टि रौं जतीको जोडाइ देखिन्छ तर ईट्टाको पछाडी हुने पर्याप्त भागमा राखिने मसलाले कडा ठोस प्रदान गर्छ । मोहडामा न्यूनतम मसलाको प्रयोगले गारोलाई पानी पर्दा क्षयबाट बचाउँछ ।

# अध्याय ६

## अंगः

पुलांगु छेँतय्गु न्ह्योनेया अप्पाया ज्या दाचि अप्पां याना त गुगु कि परम्परागत नेपाली वास्तुकलाया छगु प्रमुख विशेषता ख । विशेष डिजाइनया भचा च्वामुगु समलम्ब चतुर्भुज आकारया अप्पाया निर्माणय् न्ह्योने पाखे सं बपुया स्वापु खने दै तर अप्पाया ल्युने धासा पर्याप्त मात्राय् तैगु मसलां ठोसता प्रदान याई । मोहडा न्यूनतम मसलाया प्रयोगं अंगःयात वा वइ बले क्षयपाखें बचे याई ।




***Fig. 82. Three-layered wall construction.***
*Wall construction in traditional dachi apa, the most commonly used brick for the exterior which is tapered at the back to allow mud mortar. Drawing: N. Gutchow, Newar Towns and Buildings.*

***चित्र ८२. तीन तहको गारो निर्माण***
*गारो निर्माणमा परम्परागत दाची अप्पा, जुन बाहिरी भागको निर्माणमा अत्यधिक प्रयोग गरिन्छ, जस्को पछाडी माटोको लागि चुच्चिएको स्थान छ ।*

***चित्र ८२. स्वतं अंगःया निर्माण***
*परम्परागत अंगःया पिनेया भागया निर्माणय् दाची अप्पा अप्व प्रयोग जू, गुकेया ल्युने चाया लागि च्वामुगु थाय् दु ।*

The walls of traditional homes are constructed in three layers. The outer layer is constructed using *dachi apa* bricks with a very tight mortar joint or *ma apa* bricks using mud mortar or lime *surkhi* mortar with a regular, broader joint. The middle layer is filled with brick bats, rubble and mud. The interior layer is constructed with normal rectangular shaped *ma apa* bricks with mud mortar and normal joints. Many traditional homes have walls with exterior surfaces made using fired bricks and the inner layer of sun dried bricks. Sun dried bricks are no longer used for construction in the cities.

परम्परागत घरहरुको गारो तीन तहमा निर्माण गरिएको हुन्छ । बाहिरको भाग दचि अप्पाको हुन्छ जसमा कस्सिने गरी मसला प्रयोग गरिन्छ या माटोको मसलामा मा अप्पा प्रयोग गरिन्छ अथवा चून सुर्की मसला सहित साबिककै फराकिला जोडाई प्रयोग गरिन्छ । बीचको भाग ईट्टाको टुका र माटोले भरिन्छ । भित्री तहमा साधारण चार कुने आकारको मा अप्पा माटो मसला र साधारण जोर्नी सहित प्रयोग गरिन्छ । धेरै परम्परागत घरहरुमा चाहि बाहिरी भागको आगोमा पोलेको ईट्टा र भित्री भागमा चाहिं घाममा सुकाएको ईट्टा प्रयोगमा ल्याइन्छ । आज भोली घाममा सुकाएको ईट्टा शहर तिर प्रयोग गरिदैन ।

परम्परागत छेँतय् अंगः स्वंगु तहलय् निर्माण जू । पिनेया भाग दचि अप्पाया ज्वी गुके कि त कस्से ज्वीक मसला छ्यली या चाया मसलाय् मा अप्पा छ्यली अथवा चून सुर्की मसला नापं साबिकया तब्यागु स्वापु प्रयोग ज्वी । दथ्वी अप्पाया टुका, अप्पाया धू व चां भरे याई । दुनेया तहलय् साधारण प्यकुं लाःगु मा अप्पा चा मसला व साधारण स्वापु नापं प्रयोग जू । अप्व परम्परागत छेँतय्के पिनेया भागया बुअप्पां व दुने भागय् चाहिं कची अप्पा (निभालय् गंका तःगु अप्पा) प्रयोगय् ह । थौ कन्हे शहर पाखे निभालय् गंका तःगु अप्पा प्रयोग मया ।

These thick traditional walls are best left in place if they show no signs of movement, settling or other damage rather than being replaced for the sake of modernizing. They exhibit better seismic resistance due to their thickness and flexibility and are more durable than modern equivalents. These thick walls have the advantage of providing thermal insulation from outside temperature extremes as opposed to modern walls only one brick thick, which provide little thermal resistance and allow easier thermal transfer so homes become hotter in summer and colder in winter.

## 6.1 Symptoms and Causes of Decay

In most cases dampness is visible on the wall surface and therefore easy to detect.

### Moisture transfer

Efflorescence is caused by the transfer of moisture and is the process by which salt crystals appear on the surface of walls or bricks, causing the surface to break up. This can be caused by salts contained in the mortar, particularly cement mortar, or from salt transferred from the underlying soil which is drawn to the surface as the wall dries. Damage tends to be concentrated in a horizontal band where the wall is damp in the wet season, but which dries out in the dry season.

यस प्रकारको परम्परागत बाक्लो गारो, यदि हल्लिएको वा धस्सिएको वा अन्य किसिमको क्षति भएको नदेखिएमा आधुनिकपन को नाउँमा प्रतिस्थापन गर्नु भन्दा बचाई राख्न बेश हुनेछ। यिनीहरु आधुनिक गारो भन्दा बढि भुकम्पीय प्रतिरोधात्मक हुन्छ, किनकी यिनीहरु बाक्लो भएको कारणले बढि लचकता दिने र बलिया हुन्छन् । यस्ता बाक्लो गारोहरुको फाइदा भनेको यसले बाहिरको चरम तापक्रमबाट बचाउँछ, जुन तापिय प्रतिरोध आधुनिक एक ईट्टाले बनाएको गारोले प्रतिकार गर्न सक्दैन जस्ले गर्दा तापिय चलनको कारण घरमा गर्मीमा तातो र जाडोमा चिसो हुन्छ ।

## ६.१ लक्षण र क्षयको कारणहरु

धेरजसौ अबस्थामा गारोको बाहिरी भागमा ओस देखिने हुदा ओस पत्ता लगाउन सजिलो हुन्छ ।

### चिसो पस्न

चिसो पस्नाले बाह्य भागमा सेता दाग बन्दन्छ र यस्ले गर्दा गारो वा ईट्टाको बाहिरी भागमा नुन क्रिष्टल देखा पर्दछ अनि सतह फुट्न थाल्दछ । यस्तो हुनुको मुख्य कारण हो मसलामा भएको नुन, खास गरेर सिमेन्ट मसलामा वा माटो मसलामा जब गारो सुक्दै जान्छ तव भित्री माटोको माध्यमबाट जमीनबाट माथीसर्दै बाहिर देखा पर्छ । यस्तो प्रकारको क्षति भिजेको मौसममा चिसिनु तर सुख्खा मौसममा सुख्खा भैरहने क्षितीजीय भागमा बढि केन्द्रित रहन्छ ।

थन्यागु परम्परागत ख्वातुगु अंग:तय्के, यदि हल्ले ज्वीगु वा धस्से ज्वीगु वा मेगु किसिमया क्षति खने मदुसा, आधुनिकपनया नामय् प्रतिस्थापन याय्गु सिबें बचे याना तय्गु बांलाई । थुपिं आधुनिक अंग: सिबें अप्व भुकम्पीय प्रतिरोधात्मक जू, छाय् धासा थुपिं तफि जुगुलिं अप्व लचकता बीगु व बल्ला जु । थन्यागु तफिगु अंगतय्गु फाइदा धैगु थुकें पिनेया चरम तापक्रमपाखें बचे याई, गुगु तापिय प्रतिरोध कि थौं कन्हेया छपा अप्पां दय्का त:गु अंगनं प्रतिकार याय् फैमखु, गुकें याना तापिय चलनया कारणं याना छ्येंय् गर्मीई क्वाइ व चिकुलां ख्वांउ ज्वी ।

## ६.१ लक्षण व सेनिगुया कारणत

अप्व अबस्थाय् ल:या रसाई अंग:ले पत्ता लगे याय् अ:प्पुक्क न्हयाबलें खने दया च्वनी ।

### ख्वाउं पसे ज्वीगु

ख्वाउं पसे जुया पिनेया भागय् तयुगु दाग बने ज्वी वा थुकें याना अंग: वा अप्पाया पिनेया भागय् ची क्रिष्टल खने दई अले सतह तज्याई । थथे जूगुया मुख्य कारण ख, मसला दूगु ची, खास याना सिमेन्ट मसलाय वा चा यागु मसलायगु जब अंग: गना वनी तव दुनेया चाया माध्यमं वन च्वे सरे ज्वीय पीने खानि दई । थन्यागु प्रकारया क्षति, प्यागु मौसमय् अंग: प्याना तर सुख्खा मौसमय् गना च्वनिगु क्षितीजीय भागय् थासय् अप्व केन्द्रित जुया च्वं ।





*Fig. 83. Damage from ground damp.*

***Left:*** *Because old buildings do not have damp proofing, moisture travels upwards and mud mortar enables easier transmission of moisture. It is common to encounter rotten joists due to damp, especially the section of joist, which penetrates the wall. Dampness of the timber can be seen in the photo.* ***Right:*** *Salt damage is evident on the surface of the brick.*

***चित्र ८३. जमिन चिस्सिनाले बिग्रनु***

***बायाँ:*** *पुराना घरहरुमा ओस निरोधक तह नभएको हुनाले, चिसोपन माटोको माध्यमबाट माथितिर सर्दै जान्छ । चिसोले गर्दा दलिनहरु सडेर मक्किनु साझा समस्या भएको छ, खास गरी दलिन गारो भित्र छिर्ने ठाउँमा । फोटोमा ओसेको काठहरु देख्न सकिन्छ ।* ***दायाँ:*** *नुनले ईट्टाको बाहिरी भाग बिगारेको देखिन्छ ।*

***चित्र ८३. बं ख्वाउंसे च्वना स्यनिगु***

***खवे:*** *पुलां छेँतय्के ओस निरोधक तह मदुगुलिं, ख्वाउं चाया पाखें च्वे पाखे सरे जुया वनी । ओसईं याना धलिंत फ्वसा वया ध्वग्गिना वनिगु साझा समस्या जूगु दु, खास याना धलिं अंग: दुने द्वां वनि थाय् । किपाय् प्यागु सिंत खनेदु ।* ***जवे:*** *चीं अप्पाया पिनेया भाग स्यंकुगु खनेदु ।*

### Dampness from the ground

Old houses often suffer problems with damp caused by the absence of the damp proof course. For this reason the ground floor of old houses are generally not used as living spaces but rather for storage, stables or shops.

### जमिनबाट हुने चिसो

पुराना घरहरुमा ओस निरोधक तह नहुनाले चिस्सिने समस्या अक्सर उत्पन्न हुन्छ । यसकारण पुराना घरहरुका जमिन तल्लालाई मानिस बस्नमा साधारणत प्रयोग नल्याइ पसल, गोठ अथवा भण्डारको लागि प्रयोगमा ल्याइन्छ ।

### जमिनपाखें ज्वीगु ओसः

पुलांगु छेँतय्के ओस निरोधक तह मदुगुलिं याना ओसया समस्या अक्सर उत्पन्न जू । थ्व कारणं याना पुलां छेँतय्के छ्यलि यात मनु च्वनेत साधारणतः छयलेगु मयासे पसः, गोठ वा भण्डारया लागि प्रयोगय् ह ।








***Fig. 84. Air holes for air circulation.***
**Top:** *Amatya house, Na Tol, Patan. Beneath every door on the ground floor was an opening for air circulation, however, the opening was closed when the steps were recently repaired.* **Bottom:** *Some of the 19th century houses have air holes under the floor to keep the ground dry.*

***चित्र ८४. हावा संचारका लागि हावा प्वालहरु***
**माथी:** *अमात्य घर नःटोल, पाटन । जमिन तल्लाका हरएक ढोका मुनी हावा संचारको लागि खुला राखिएको देखिन्छ तर पछि भऱ्याङ्ग मर्मत गर्दा यो बन्द गरिएको छ ।* **तल:** *१९ औं शताब्दिका केही घरहरुमा जमीन तल्ला सुख्खा राख्न जमीन मुनी हावा प्वालहरु राखिन्थ्यो ।*

***चित्र ८४. फय् संचारया लागि फय् प्वात***
**च्वे:** *अमात्य छ्येँ नःटोल, यल । छ्यलिया हरएक लुखा तःले फय् संचारया लागि खुल्ला त्वता तःगु खनेदु तर लिपा स्वाने ल्हवनेगु याबले थ्व बन्द याना छ्वल ।* **क्वे:** *१९औं शताब्दिया छुं छ्येँ तय्के बं गंका तय्त बं तःले फय् प्वात तयात ।*

Ground dampness is a typical problem in old houses. In Rana palaces primitive techniques for damp proofing were used such as ventilating under the ground floor crawl space through small round or arched ground level vents. This system is also used in some of the 19th century town houses.

भुईं चिस्सिनु पुरानो घरहरुको विशेष समस्या हो । राणाहरुको दरबारमा पुरानो शैलीका ओस निरोधका तरिका प्रयोगमा ल्याएको देखिन्छ जस्तै भुईं तल्लाको मुनि गोलो अथवा अर्ध गोलाकार गरी हावाको संचार गर्नु । केहि १९ औं शताब्दिको शहरी घरहरुमा पनि यस्तो तरिका प्रयोग गरिएको देखिन्छ ।

बं ख्वांविगु पुलां छेँतय्गु विशेष समस्या ख । राणातय्गु दरबारय् पुलांगु शैलीया ओस निरोधया तरिका प्रयोग याना तःगु खनेदु गय्कि छ्यलिया क्वे चाकलागु वा अर्ध चाकलागु प्वा त तया फ्ये संचार याना । गुंगु १९ औं शताब्दिया नगरया छ्येँ तय्के नं थन्यागु तरिका प्रयोग या ।

### Moisture from the roof

Water leakage into the top of walls at roof level causes structural damage. In the traditional three-layered wall, downward seepage through the middle mud and brick bat layer causes the outer layers to bulge. Poor connectivity between the outer and central layers accentuates the problem.

### छानाबाट चिस्सिनु

छाना सतहको गारो टुप्पामा पानीको चुहावटाले संरचनालाई नष्ट गर्छ । परम्परागत तीन तहको गारोमा भित्री माटोसम्म चुहिनाले बाहिरी भाग फुलिन्छ । भित्री र बाह्य तहहरुका बीच कमजोर जोडाईले समस्या बढाइदिन्छ ।

### पौपाखें ख्वाउं ज्वीगु

पौ सतहलय् अंगःया च्वेया भागे लः ज्वया संरचनायात नष्ट याई । परम्परागत स्वंगु तहया अंगःलय् दुने चा थ्यंक लः ज्वया पिनेया तह फुले ज्वी । दुने व पिनेया तहतय् बीचय् कमजोर जोडाईनं समस्या बढे याना ब्यु ।





*Fig. 85 Damp from roof leakage.*

*The outer layer of the three-layered wall is more prone to separation because the connection between exterior layer and middle fill is not as strong as that between the inner layer and middle fill. Roof leakage into three-layered walls is likely to cause exterior bulging.* ***Left:*** *Detail photo shows separation in between the layers of the wall structure.* ***Right:*** *Bulging by a few inches in traditional, thick walls is not problematic. The upper two floors have been added above the bulging wall.*

***चित्र ८५. छानाबाट चुहिनाले ओसिनु***

*तीन तहीय गारोको बाह्य भाग बढी छुट्टिन सक्छ किनभने भित्री तह र बिचको भरावट जतिको वाहिरी तह र बीचको भरावट बलियो हुँदैन । तीन तहीय गारोमा छानाबाट हुने चुहावटले बाहिरी तहमा भुँडी फुल्न सक्दछ ।* ***बायाँः*** *तस्वीरले गारो संरचनाको तहमा छुट्टिएको देखाउँछ ।* ***दायाँः*** *परम्परागत बाक्लो गारोमा केही इन्च फुलिनु खासै समस्या होइन । भुँडी उठेको गारो माथि दुई तल्ला थपिएको छ ।*

***चित्र ८५. पलिं ज्वया प्यागु***

*स्वंगु तहीय अंगःया बाह्य भाग अप्व छुट्टे ज्वीफु छाय्धासा दुनेया तह व दथ्वीया भरावट ति पिनेया तह व दथ्वीया भरावट कडा ज्वी मखु । स्वंगु तहीय अंगलय् पलि ज्वया वाहिरी तहले भुँडी फुले ज्वीफु ।* ***खवेः*** *किपां अंग संरचनाया तह लय् छुट्टे जूगु क्यं ।* ***जवेः*** *परम्परागत तफिगु अंगलय् छुं इन्च फुले ज्वीगु खासै समस्या मखु । भुँडी प्यांहा वःगु अंगलय् च्वे नितं थपे याना तःगु दु ।*

## 6.2 Remedial Measures

### Letting the wall breathe

A wall should be able to absorb moisture and then release it in the form of water vapor when the weather becomes drier. This transfer of water vapor should occur principally through the mortar joints, rather than through the bricks themselves, to avoid damage by efflorescence. This natural process should be allowed to take place without hindrance. To cover the surface of the wall with an impervious layer, such as cement render, will tend merely to send moisture higher up the wall by capillary action.

## ६.२ सुधारका उपायहरु

### गारोलाई श्वास फेर्न दिनु

गारोले भिजेको मौसममा चिसोपन खिँच्ने र पछि मौसम सुख्खा भएपछि वाफ बनेर छोड्न सक्नु पर्दछ । यस्ता वाष्पीकरण मुख्यतया जोडिएको मसलाको माध्यमबाट हुन दिनु पर्दछ न कि ईट्टाको बीचबाट, जसले फुल्नबाट बचाउँछ । यो प्राकृतिक प्रक्रिया कुनै रोकावट बिना हुनु पर्दछ । गारोको बाह्य तह हावा नछिर्ने गरी छोप्दा, जस्तै कि सिमेन्ट प्लास्टर लगाउँदा, सुक्ष्म नली क्रियाद्वारा चिसोपन माथिलो तहसम्म पुग्दछ ।

## ६.२ सुधारया उपायत

### अंग:यात सास: फेरे याके बीगु

अंगलं प्या:गु मौसमय् ख्वांउ साला काईगु व लिपा सुख्खा मौसमय् वाफ तोते फय्मा । थन्यागु वाष्पीकरण खास याना मसलाया स्वापु पाखें ज्वीमा न कि अप्पाया दथुं, गुकें फुले ज्वीपाखें बचे याई । थ्व प्राकृतिक प्रक्रिया छुं रोकावट मदय्क ज्वीमा । अंग:या पिनेया तह फय् द्वां वने मफय्क त्वपुल कि, गय्कि सिमेन्ट प्लाष्टर तय् बले, सुक्ष्म नली क्रियापाखें ख्वाउं च्वे तह थ्यंक थ्यनी ।



*Fig. 86. Moisture rises more on the plastered wall.*

***Left:*** *Diagram shows how moisture rises more on the plastered wall than the unplastered wall. The plaster on the wall surface blocks the route for moisture to escape and draws the moisture higher.* ***Right:*** *Even cement plaster cannot adhere to the wall for very long where damp exists. Some people try to beautify their homes by rendering their walls, unaware that they are increasing the chance of water damage.*

***चित्र ८६. प्लाष्टर गरेको गारोमा चिसोपन बढी हुन्छ***

***बायाँ:*** *चित्रले प्लाष्टर गरेको गारोमा भन्दा नगरेकोमा चिसोपन बढेको देखाउँदछ । प्लाष्टरले गारोमा चिसोपन बाहिर जाने बाटो बन्द गर्छ र चिसोपन अझ बढी फैलिन्छ ।* ***दायाँ:*** *सिमेन्ट प्लाष्टर पनि चिसेको गारोमा धेरै अवधीसम्म टाँसिरहन सकदैन । केही मान्छेहरुले आफ्नो घर राम्रो गर्नाका निम्ति गारोमा प्लाष्टर गर्छन् जसले गर्दा पानीले बढि बिगारी दिने हुन्छ भन्ने पत्तो नै हुँदैन ।*

**चित्र ८६. प्लाष्टर याना त:गु अंग: अप्व प्याई ।**

***खवे:*** *किपाय् प्लाष्टर याना त:गु अंगले अप्व प्यागु क्यंगु ख । प्लाष्टरं अंगले ख्वाउं प्याहाँ वनिगु लं बन्द याना बिई व ओस अझ अप्व फैले ज्वी ।* ***जवे:*** *सिमेन्ट प्लाष्टर न प्यागु अंगले अप्व ई तक टाँसे जुया ज्वी फैमखु । छुं मनुंतसें थ:गु छ्यें बांलाकेत अंगले प्लाष्टर याई गुकें याना लखं झन अप्व स्यंका बी धैगु चाई हे मखु ।*





## French drains

A partial remedy for moisture in walls is to build a French drain along the outside of the wall. A trench is dug and then back-filled with coarse rubble and sand. Any water which collects is drained away to a soak pit or to a pipe in the French drain.

## फ्रेन्च कुलो (नाली)

गारोमा चिसोपन घटाउने आंशिक उपाय गारोको बाहिर तिर फ्रेन्च नाली बनाउनु हो । यसमा खाडल खनी बालुवा र खस्रो रोडाले पुरी दिने गरिन्छ । कुनै पनि जम्मा हुन आउने पानी खाडल तिर बगेर जान्छ वा फ्रेन्चनालिमा रहेको पाईप तिर ।

## फ्रेन्च कुलो (नाली)

अंगले ख्वांउ धटेय्केगु आंशिक उपाय धैगु अंगया पिने पाखे फ्रेन्च नाली दय्केगु खे । गाः खना फि व छ्याकःगु रोडा ल्हाना बी । गुलि न लः जम्मा जू वै व लः गाः पाखे बगे जुया वनी वा फ्रेन्चनालियागु पाईपले ।










***Fig. 87. Diagram of the French drain.***
***Left:*** *The French drain contains rubble and sand, which allows moisture to seep away from walls. The bottom of the French Drain has to slope towards a soak pit or main drain around the building.* ***Right:*** *The French drain could be filled with rubble and sand unless there is a large amount of water in which case a polythene pipe is best added. The upper 2/3 of the polythene pipe should have holes smaller than the size of the aggregate used to back-fill around it. The lower 1/3 of the pipe should not have holes to draw water towards the main drain.*

***चित्र ८७. फ्रेन्च नालीको रेखा चित्र***
***बायाँः*** *रोडा र बालुवा भएको फ्रेन्च नाली जसले गारोलाई चिसाउन दिँदैन । फ्रेन्च नालीको तल्लो भाग सोकपीट तिर मुख्य नाला तिर भिरालो हुनु पर्दछ ।* ***दायाँः*** *फ्रेन्च नालीमा प्रशस्त मात्रामा पानी नभएमा यसलाई रोडा र बालुवाले पुर्न सक्दछ, यदि पानी प्रशस्त मात्रामा भएमा पोलिथिन पाईप जोड्न सकिन्छ । पोलिथिन पाईपको माथिल्लो दुई तिहाई भागमा त्यहाँ वरिपरिको रोडा भन्दा सानो प्वालहरू हुनुपर्दछ । तल्ला एक तिहाई भागमा चाहिं पाइपमा प्वाल हुनु हुदैन जसले गर्दा पानी नालीतिर बग्न सकोस् ।*

***चित्र ८७. फ्रेन्च नालीया रेखा चित्र***
***खवेः*** *रोडा व फि दुगु फ्रेन्च नाली, गुकें अंगयात प्याके बीमखु । फ्रेन्च नालीया क्वेया भाग मुख्य नाला पाखे पाःल्वी मा ।* ***जवेः*** *फ्रेन्च नालीई गाक्क लः मदुसा थुके यात रोडा व फिं त्वफ्वीफु, यदि ल एक्को दुसा पोलिथिन पाईप स्वाय् फु । पोलिथिन पाईपया च्वेया स्वब्वे निब्व भागय् अन छचा ख्यलंया रोडा सिबें चिप्वागु प्वाःत ज्वीमा । कव यगु छब्व भागय् चाहिं पाइपय् प्वा दय् मज्यु गुकें याना लः नालीपाखे वने फय्मा ।*

## Damp proof courses

Historic masonry, which was always constructed without a damp proof course (dpc), is best left in its original state if possible. However, in some circumstances a wall may present such problems of rising damp that a dpc must be added. In this case, a dpc can be introduced in stainless steel sheet or cement concrete.

## ओस रोक्ने तहहरु

ऐतिहासिक निर्माण, जुन ओस रोक्ने तहहरु (डिपीसी) बिना गरिन्थ्यो त्यसलाई सम्भव भए सम्म यथा अवस्थामा छोड्नु उत्तम हुन्छ । तर परिस्थिती बस गारो भिज्ने समस्या आयो भने डिपिसि थप्नु पर्ने स्थिती आउनसक्दछ । यस्तोमा स्टेनलेस स्टिल पाता व रोडा सिमेन्ट प्रयोग गर्न सकिन्छ ।

## ओस प्रतिकार तहत

ऐतिहासिक निर्माण गुगु कि ओस रोकेयागु तह (डिपीसी) स मतःसे दय्किगु जुयाच्वन, वैत फयां फत्तले यथा अवस्थाय् त्वतेगु उत्तम ज्वी । तर परिस्थितीबस् अंगः प्याइगु समस्या वल धासा लिपा डिपिसि थपे याय्मा लिफु । थन्यो थाय् स्टेनलेस स्टिल पाता या सिमेन्ट रोडा प्रयोग या फै ।

The historical wall must be cut horizontally to slide the metal sheet or cement concrete. This is a complex procedure and not recommended. In many old houses vertical timber members sunk into the wall constitute the frame of the building. To cut through the timber elements to insert a dpc compromises the structural integrity of the whole building.

Many of the old houses remain structurally sound with only minor moisture problems. In such cases major structural changes such as inserting a dpc is not recommended as the cure may be more damaging than the initial problem.

ऐतिहासिक गारोहरूमा पाता घुसाउनलाई या सिमेन्ट रोडा राख्न यसलाई सिधा काट्नु पर्दछ । यो जटिल तरीका भएकोले सिफारिस गर्न उपयुक्त छैन । धेरै जस्तो पुराना घरहरूमा काठको संख्याहरू ठाडो गारोमा गाडेको हुन्छ जुन घरको भाग जस्तै हुन्छ । काठलाई काटि डिपिसि गर्दा सम्पूर्ण घरको संरचनामा नै केही सम्झौता गर्नु पर्ने हुन्छ ।

धेरै जसो पुराना घरहरूका संरचना केहि ओसको समस्या बाहेक ठिक्कै देखिन्छ । यस्ता समस्याहरू हटाउन घरको संरचना नै बिग्रीने गरी डिपिसि गर्न सिफारिश गरिन्दैन किनकि यसले समस्यालाई अझ जटिल पार्न सक्दछ ।

ऐतिहासिक अंग तय्के पाता दुछ्वेत या सिमेन्ट रोडा तय्त थुके यात तप्यंक चाय्मा । थ्व थाकुगु तरीका जुगुलिं सिफारिस याय्गु उपयुक्त मजु । अप्व थें पुलांगु छेतय्के सिंत तप्यंक अंगले गाडे जुया च्वनी गुगु कि छेँया अंग थें हे ज्वी । सिंयात चाना डिपिसि यातकि सम्पूर्ण छेँया संरचनाय् हे छुं सम्झौता याय् माली ।

अप्व याना पुलां छेतय्गुं संरचना त ओसया समस्या बाहेक ठिक हे खनेदु । थन्यागु समस्यात हटे याय्त छेँया संरचना हे स्यंक डिपिसि तय्गु सिफारिश मया, छाय्धासा थुकें समस्यायात अझ जटिल याना वी ।





***Fig. 88. Inserting damp proof course.***
*New damp proof courses are more easily introduced in the 19th century buildings without timber frames than those built earlier.* ***Left:*** *Slots are cut every 3' - 4' with the same length left uncut to support the wall.* ***Right:*** *Cement concrete is then poured into the slots. The process is repeated and slots cut between the newly dried concrete.*

***चित्र ८८. ओस रोक्ने गर्ने तहहरु***
*पहिले बनेका काठको फ्रेमहरु भएको घरहरू भन्दा १९ औ शताब्दीमा बनेका घरहरुमा नयाँ डिपीसी तह सजिलै संग राख्न सकिन्छ ।* ***बायाँ:*** *हरेक ३' - ४' फरकमा चिराहरु काटेर त्यती नै लम्बाइमा गारोलाई टेवा दिन नकाटी छोडेको छ ।* ***दायाँ:*** *त्यसपछि चिराहरुमा सिमेन्ट रोडा भरिन्छ । नयाँ सुकेको रोडाका बिचमा यही प्रकिया दोहर्याईन्छ छाडेको भागमा ।*

***चित्र ८८. ओस प्रतिकार तहत दुछ्वगु***
*हापा दय्कुगु सिंया फ्रेम दुगु छेँय् सिबें १९ शताब्दीलय् दय्कुगु छेँय न्हुगु डिपिसि अपुक्क तय्फु ।* ***खवे:*** *हरेक ३' -४' फरकय् स्चाना उलि हे हाकलय् अंग:यात टेवा बीत मचासे तोता त:गु दु ।* ***जवे:*** *अनंलि चिरा तय्के रोडा सिमेन्ट भरे याई । न्हुगु गंगु रोडाका बिचय् थहे प्रक्रिया दोहरेयाई तोता तगु भागले ।*

**Desalination with clay poultices (sacrificial clay render)**
Efflorescence is the buildup of slat crystals on the outside of masonry. Salt is drawn from the inside of the brick to the surface and eventually destroys the exterior face of the stone or brick. Efflorescence can be removed by plastering the wall with a temporary, sacrificial layer of clay so that the salt crystals form on the surface of the clay instead of the wall surface itself. This application of clay is relatively unskilled and therefore not expensive. It may be necessary to repeat the process until a satisfactory result is achieved. When the temporary clay layer is removed it must be carefully swept up and taken away so that the wall does not become recontaminated with salt.

**माटोको लेप लाएर नून निकाल्ने**
गारोको बाहिर नुन निस्किनाले गारो पुष्पित हुन जान्छ । ईट्टाको भित्रबाट नुन निस्केर सतहमा आउँछ र यसले अन्ततः ढुंगा वा ईटाका बाहिरी रुपनै नष्ट गरीदिन्छ । गारो पुष्पित हुनबाट बचाउन गारोमा अस्थायी माटोको लेप लगाउन सकिन्छ जसले गर्दा नुन गारोको सतहमा आउनुको सट्टा माटोको सतहमा देखा पर्दछ । माटोको यो लेप सापेक्षित अदक्ष काम भएकोले यो खासै महँगो बिधी होइन । सन्तोषजनक नतिजा ननिस्केसम्म यो प्रकृया दोहर्यउन सकिन्छ । जब अस्थाई माटोको लेप हटाइन्छ यो सबै खुर्केर होसीयार पुर्वक निकाल्नु पर्दछ ताकि गारोमा फेरी नुनको असर बाँकी नरहोस् ।

**चाया लेप तया ची लिकाय्गु**
अंग:या पिने ची प्याहाँ वया खा:चीं दईगु ख । अप्पाया दुनें पाखें ची सतहलय् वई अले थुकें अन्ततः लों वा अप्पाया पिनेया रुप हे स्यंका वीगु याना बिई । अंग:यात खाचिं पाखें बचे याय्त अंग:ले चा:या अस्थायी लेप तय्ज्यु गुकें याना ची अंगया सतहलय् वेगुया पल्सा चा:या सतहलय् खने दई । चा:या थ्व लेप सापेक्षित अदक्ष ज्या जूगुलिं थ्व खास थिकय्गु बिधी मखु । सन्तोषजनक नतिजा मवत्तले थ्व प्रकृया दोहरे याय्फु । जव चा:या अस्थाई लेप लिकाय् बले थ्व फुक्क होसीयार पुर्वक खुर्के याना लिकाय्मा ताकि अंगलय् हाकनं चीया असर मल्यनिमा ।



***Fig. 89. Salt crystal on wall surface.***
*Damage can be caused to bricks when salt crystals form and destroy the surface over time.*

***चित्र ८९. गारोमा नुनको क्रिष्टल***
*नुन जम्नाले ईट्टालाई विगारीदिन्छ र केही समय पछि बाह्य सतहलाई पनि क्षति गर्दछ ।*

***चित्र ८९. अंगःलय् खाःचीं***
*ची जमय् जुया अप्पायात स्यंका बी व छुं काल लिपा पिनेया सतह यात नं स्यकाबी ।*

## 6.3 Repair/Conservation Techniques

### Stitching

Old walls sometimes have cracks which result from movement in the masonry. These cracks can be stitched. The technique involves cutting out cracked bricks at intervals along the crack and inserting new bricks. Cracks in masonry can reappear if there is even minimal further movement. The risk of movement can be reduced by including strips of non-ferrous mesh in the mortar beds between the bricks, set back from the face of the wall, so that they cannot be seen. These

## ६.३. मर्मत र संरक्षण गर्ने प्रविधिहरु

### सिलाइ

गारोको हलचलले गर्दा कहिले काँही पुराना गारोहरु चर्किन्छ । यस्ता चर्केको भागलाई जोडन सकिन्छ । यस्मा प्रविधि भनेको चर्केको ठाउँमा फुटेको इटा झिकी नयाँ राख्ने हो । गारोमा केही साधारण मात्र हलचल भएको खण्डमा पनि फेरी चर्कने सम्भावना हुन्छ । यसरि चल्ने जोखिम हटाउन ईटाको बिच भागमा (मसलामा) स्टिलको जाली गारोको सतह भन्दा अलि पछाडि तिर राख्न सकिन्छ ताकि ती बाहिरबाट नदेखियोस् । यसो

## ६.३. ल्हवनेगु व संरक्षण याय्गु प्रविधित

### सिलाइ

अंगले हलचलं जुईया गुब्लें गुब्लें पुलां अंगःत चर्केजू । थन्यागु चर्केजूगु भागयात स्वना तय्फु । थुके प्रविधि धयागु चर्के जूगु थासे तज्यागु अप्पा लिकया न्हुगु तय्गु ख । अंगलय छुं साधारण जक हलचल जूसां हाकनं चर्के ज्वीगु सम्भावना दई । थथे सनिगु जोखिम हटे याय्त अप्पाया दथ्वी (मसलाले) नं मदुगु धातुया जालीयात अंगयुगु सतह बिचे भचा ल्युने पाखें तय्फु ताकि थ्व पिने पाखें खने मदय्मा । थथे याना चर्केजूगु भाग छचाख्यलं



***Fig. 90 Different types of cracks.***
**Left:** *Horizontal movement* **Middle:** *Vertical settlement.* **Right:** *Transverse failure.*

***चित्र ९०. विभिन्न किसीमका चकाईहरु***
***बायाँः*** *क्षितिजीय हलचल* ***बिचमाः*** *ठाडो धसाईहरु* ***दायाँः*** *छड्के असफलता*

***चित्र ९०. थी थी प्रकारया चर्काईत***
***खवेः*** *क्षितिजीय हलचल* ***बिचमाः*** *तप्यंगु धसाई* ***जवेः*** *छड्के असफलता*

help to spread the load to the masonry on either side of the crack. There are several types of cracks seen in brick walls. Most are not dangerous and appear due to minor settlement.

गर्नाले चर्केको भाग वरीपरी बोझ बाँडिन्छ । ईटाको गारोमा विभिन्न प्रकारको चर्काई पाइन्छ । यसमध्ये धेरै डरलाग्दा छैनन् र यिनीहरु साधारण धसाईका कारण देखा पर्छन् ।

बोझ बाँडे ज्वी । अप्पाया अंग:लय् थी थी प्रकारया चर्काईत खने दु । थुके मध्ये अप्व थें ग्यानापु मजु व थुपिं साधारण धसाईया कारणं खने दई ।

### Improvement of wall bonding

During the restoration or repair of old houses, many areas might be in need of repair. The advantage of a three-layered wall is that it is not difficult to repair small parts. If the inner wall and middle fill are sound, they can carry the load while the outer layer is repaired. It is advisable to use yellow clay during repair rather than normal black clay which may carry vegetation and has weaker bonding strength.

### गारो बँधाई (bonding) मा सुधार

पुराना घरहरूको पुनरुत्थान वा मर्मत संभार गर्दा धेरै क्षेत्रहरूको मर्मत गर्नु पर्ने हुनसक्छ । तिन तहको गारोहरूको फाइदा यो छ कि यस्मा केहि भाग मर्मत गर्नु त्यतिको गाह्रो छैन । यदि भित्री गारो र बिचको भाग ठिक छ भने बाहिरको तह मर्मत गरिंदा त्यसले बोझ थाम्न सक्छ । मर्मत कार्य गर्दा पहेंलो माटो प्रयोग गर्नु बेश हुन्छ न कि कालो माटो, जसमा बिरुवाहरू उम्रन सक्ने हुन्छ र यसमा बाँध्ने शक्ति पनि कम छ ।

### अंग: बँधाई लय् सुधार

पुलां छेँतयगु पुनरुत्थान वा मर्मत संभार याय् बले यक्व क्षेत्रतयगु मर्मत याय् मालि फु । स्वंगु तहया अंग:तयगु फाइदा थ्व दु कि थुके छु भाग मर्मत याय् उलि थाकु मजु । यदि दुने अंग: व दथ्वीया भाग पायछि जुसा पिनेया तह मर्मत याय् बले थुकें बोझ क्वबीफु । मर्मत ज्या याय् बले म्हासु चा छयलेगु बांला न कि हाकु चा, गुके घाँय् बुया वय् फु व थुके ज्वना तयगु शक्ति नं कम दु ।




***Fig. 91. Improvement of wall bonding.***
***Left:*** *The external dachi apa layer is bulging outwards, however, the inner layers remain sound. This type of damage only requires the outer layer to be repaired.* ***Middle:*** *In old buildings the walls were made in three layers so, given the correct support, it is not difficult to remove the outer layer for replacement.* ***Rght:*** *It is not recommended to reconstruct intact walls to rectify minor faults. Where there are major problems connecting butterflies must be inserted to connect the three layers of the wall, they must be made of stainless steel or other metal which will not corrode.*

***चित्र ९१. गारो बँधाई मा सुधार***
***बायाँ:*** *बाहिरी दाचि ईटाको तह भुँडि निस्केको छ तर भित्री तहहरू चाहिं ठिक छ । यस्तोमा बाहिरी तह मात्र मर्मत गरे पुग्छ ।* ***बिचमा:*** *पुराना घरहरूको गारोहरु तिन तहले बनेको हुनाले आवश्यक टेवा दिई बाहिरी तह झिकी मर्मत गर्नु गाह्रो छैन ।* ***दायाँ:*** *साधारण बिग्रेकोमा केहि नभएको सम्पूर्ण गारो भत्काई मर्मत गर्न आवश्यक छैन । ठूलै समस्याहरु देखिएको भएमा तीन तह जोडने पत्ती (connecting butterfly) घुसार्नु पर्ने हुन्छ, तिनीहरुमा स्टील वा अरु कुनै खिया नलागने धातु प्रयोग गरिनु पर्दछ ।*

***चित्र ९१. अंग: घय्प्वीकिगु लय् सुधार***
***खवे:*** *पिने दाचि अप्पाया तह भुँडि खात तर दुनेया तहत पायछि जु । थन्यो थाय् पिनेया तह जक ल्हवनेगु यासां गा ।* ***बिचेय*** *पुलांगु छेँतयगु अंग:तयके स्वब दैगुलिं याना मा:गु टेवा बिया पिब: लिकया ल्हवनेगु याय् थाकु मजु ।* ***जवे:*** *भचा जक स्यंगुलि छुं मजूगु फुक्क अंग: पिया ल्हवनेगु याय् आवस्यक मजु । तधंगु हे समस्यात खने द:सा जक स्वब: स्वायगु पत्ती दुछ्वे मालिगु ज्वी, थुयके स्टील वा खतं मनैगु धातु प्रयोग याय्मा ।*

### Bricks for conservation

When repairing old houses most of the old bricks are unusable. However, where possible it is best to re-use old bricks, which are of higher quality and a better color match than new bricks.

### संरक्षणको लागि ईट्टाहरु

पुराना घरहरु मर्मत संभार गर्दा ईट्टाहरुको अभाव हुन जान्छ किनकी धेरै जसो पुराना ईट्टाहरु काम नलाग्ने हुन्छ । उच्च कोटी र रंग मिल्ने हुनाले सकेसम्म नयाँ भन्दा पुराना ईट्टा नै प्रयोगमा ल्याउने बुद्धिमानी हुन्छ ।

### संरक्षणया लागि अप्पा:त

पुलां छेँत ल्होनेगु ज्या याय् बले अप्पात अभाव ज्वीफु छाय्धासा अप्व अप्पात ज्या लगे मजुई । उच्च कोटी व रंग मिले ज्वीगुलिं फत्तले न्हुगु सिबें पुलांगु हे अप्पा छयलेगु बुद्धिमानी ज्वी ।



***Fig. 92. Joints between new and old bricks.***
***Left:*** *New bricks are produced in the same size as older bricks but their quality is poorer and they will not usually match the original color.* ***Right:*** *During the restoration of Hanuman Dhoka many of the missing and damaged bricks were replaced with new. Despite much research and experimentation the old and new bricks do not match.*

***चित्र ९२. पुराना तथा नयाँ ईंटा बिचको जोर्नी***
***बायाँ:*** *नयाँ ईट्टाहरु पुरानै आकारमा उत्पादन गरिए पनि कम गुणस्तरीय तथा पुरानै रंग संग मेल खाएको पाईंदैन ।* ***दायाँ:*** *हनुमानढोकाको जिर्णोद्धरको दौरान धेरै पुराना ईँटाहरु हराएका तथा बिग्रेका हुनाले नयाँ द्धारा प्रतिस्थापन गरिएका थिए । धेरै अनुसन्धान र प्रयोगको बावजुद नयाँ र पुराना ईटाहरु मेल खाएनन् ।*

***चित्र ९२. पुलांगु व न्हुगु अप्पा दथ्वीया स्वनपु***
***खवे:*** *न्हुगु अप्पात पुलांगु हे आकारय् उत्पादन जू तर थ्व कम गुणस्तरीय व पुलांगु हे रंगय् मरु ।* ***जवे:*** *हनुमानढोकाया जिर्णोद्धरया दौरानय् यक्व पुलांगु अप्पात तंगु व स्यंगुलिं न्हुगु पाखें प्रतिस्थापन जूगु दु । यक्व अनुसन्धान व प्रयोगया बावजुद न्हूगु व पुलांगु अप्पात मिलेमजु ।*

## 6.4 Mortar

This is the bedding and binding material used to form a wall or a surface. This refers to lime mortar but mostly mud mortars. The recent notion of adding cement to make the mortar stick is not recommended in conservation as the impervious nature of the cement mortar is usually detrimental to the wall materials.

### Mud mortar

This is a natural material which has no fixed life span as it can be regularly and easily repaired. Used in combination with timber, it provides structural flexibility. However, when mud remains wet for a long time it deteriorates so it is very important to protect buildings from water leakage and attack.

The most common areas to find damage on walls with mud mortar is mainly on unsheltered parts of the walls. It is recommended to repair or repoint only the damaged areas rather than the whole wall.

### Lime mortar

During the 19th century when lime mortar began to be used, walls were still built with mud mortar and lime *surkhi* plaster or outer layers pointed. Today few homeowners trust the longevity of lime mortar and locally available lime is of very poor quality so builders and homeowners mix cement into the lime.

## ६.४ मसला

यो गारो वा सतह बनाउन विछ्याउने र समाउने सामाग्रीको रुपमा प्रयोग गरिन्छ । यसमा चुन बज्र समावेश छ तर धेरै क्षेत्रमा यस्मा माटो मसला समावेश छन् । सिमेन्ट मिसाएर टाँसिने मसला बनाउने हालको धारणा संरक्षण कार्यमा उपयुक्त सल्लाह मानिदैन किनभने सिमेन्टको अछिद्र स्वभाव गारो सामाग्रीको रुपमा नोक्सान गर्दछ ।

### माटो मसला

प्राकृतिक बस्तु भएकोले यस्को निश्चित जीवन अवधी हुन्दैन र यसलाई नियमित तवरले सजिलै मर्मत गर्न सकिन्छ । काठसंग मिसाएर बनाएमा यसले संरचनामा लचकता प्रदान गर्दछ । तर यदि माटो लामो समयसम्म भिजीरह्यो भने चाँडै विग्रिन्छ । यसकारण घरहरूलाई पानी चुहिनेबाट बचाई राख्नु महत्वपुर्ण छ ।

माटोको मसलामा बनाएको गारोमा धेरै बिग्रिने क्षेत्र मुख्यतया नछोपिएको गारो तिर हो । यस्तो परिस्थितमा बिग्रेको भागमा मात्र मर्मत गरे पुग्दछ न कि पूरौ भाग ।

### चून बज्र

१९ औं शताब्दीतिर जब बज्र चून प्रयोग गर्न थालियो, गारोहरू माटोमसलामा बनाउनथ्यो र बाहिरी सतह चून सुर्कि प्लाष्टर या प्वाइनँटिंग गरि बनाउन थालियो । आज भोली थोरै घरधनीहरूले बज्र चुनलाई बलियो हुन्छ भने विश्वास गर्छ र स्थानीय चूनको गुणस्तर राम्रो नभएको कारणले बज्र चुनमा सिमेन्ट पनि मिसाउँछन् ।

## ६.४ मसला

थ्व अंगः वा सतह दय्केत लाय्त व ज्वंकेगु ज्वलंया रुपय् प्रयोग जू । थुके चुन बज्र समावेश दु तर यक्व क्षेत्रय् थुके चा मसला समावेश दु । सिमेन्ट ल्वाक छ्याना टाँसे ज्वीगु मसला दय्केगु हालया धारणा संरक्षण कार्यय् उपयुक्त सल्लाह मता छाय्धासा सिमेन्टया अछिद्र स्वभावं अंगः दय्केगु सामाग्रीया रुपय् नोक्सान या।

### चा मसला

प्राकृतिक बस्तु जूगुलिं थुकेया निश्चित जीवन अवधी मदु व थ्वैत नियमित तवरं अःपुक्क ल्हवनेगु याय् फु । सिंनापं प्रयो्ग ज्वी बले थुकें संरचनात्मक लचकता प्रदान या । तर यदि चा यक्व ई तक प्याना च्वन धासा याकन स्यनी । उकें छ्येंं थुवा तसें लः ज्वैगु पाखें तयगु महत्वपुर्ण जु ।

अंगःलय् यक्व स्यनिगु क्षेत्र धैगु तोपुया मतःगु अंगयुगु भाग ख । थन्यागु परिस्थितई स्यंगु भागय् जक ल्हवनेगु यातकि गा न कि पूरा अंगःले ।

### चून बज्र

१९ औं शताब्दीपाखे जब बज्र चूनया प्रयोग सुरु जुल, अंगःत चा मसलाय् दय्कु व पिनेया मोहडा चून सुर्कि प्लाष्टर या प्वाइँटिंग याना मुख्य भाग चा मसलां दय्के यात । थौं कन्हे कम छेँथुवातसें बज्र चुनयात बःला धका विश्वास या व स्थानीय चूनया गुणस्तर बाँला मजुगुलिं बज्र चुनय् सिमेन्ट न ल्वाकछ्या ।





*Fig. 93. Wall damage.*
**Left:** *Sketch showing how water seepage damages a traditionally constructed wall. (a) If water seeps into the wall it saturates the middle fill. When mud mortar is wet and there is load from above, mud mortar tends to settle and wall bulging is the result. (b) Water trapped inside the wall may seek to escape through joints causing bulging.* **Right:** *Masonry wall bulging outwards after a few years of water seepage.*

***चित्र ९३. गारो विग्रनु***
***बायाँः*** *पानी चुहिनाले कसरि परम्परागत गारो विग्रिन्छ भनी चित्रद्धारा देखाइएको छ। क. यदि पानी गारोमा चुहिएको छ भने भित्री भाग ढाडिन्छ। जब माटो भिज्छ र माथिबाट बोझ पर्न थाल्छ गारोमा भुँडी उठ्न थाल्छ। ख. पर्खाल भित्र पानि जम्नाले जोर्नीहरु बाट पानी निस्कने कोसीश गर्छ र भुँडी उठ्न थाल्छ।* ***दायाः*** *केहि वर्ष पानी चुहिनाले गारो बाहिर भुँडी उठेको छ।*

***चित्र ९३. अंगः स्यनिगु***
***खवेः*** *लः ज्वया गय् परम्परागत अंग स्यनेफु धका थ्व किपां क्यना तःगु दु। क. यदि लः अंगलय् ज्वै च्वन धासा दुनेया भाग ढाडे ज्वी। जब चा प्याई व च्वे पाखें बोझ वया अंगःलय् भुँडी खाई। ख. अंगःलय् दुने लः जमे जुलकि स्वापुं लः प्याँ वय्त सनि व भुँडी खाय्गु सुरु ज्वी।* ***जवेः*** *छुं दं लः ज्वया अंगः पिने भुँडी खात।*

### Sources of lime

Lime is produced through the process of burning and slaking. Local procedures should always be adhered to unless there are proven defects with the method. The procedure is to mix water with burnt, fragmented lime. Depending on the exact nature of the base lime material this can be an explosive reaction with a great deal of heat generated and steam given off. The base lime will absorb water and expand up to two times its original volume. Then it is left in a covered pit for a period of not less than two weeks. The material can then be decanted into other containers and stored. The result is slaked lime otherwise known as 'lime putty' which is the consistency of cream.

### चुनको श्रोत

चूनलाई बाल्ने प्रक्रियाद्वारा र स्लेक गरि बनाईन्छ। सदा स्थानीय तरिका अपनाइनु पर्छ, जबसम्म त्यसमा खराबी छ भन्ने पत्ता लगाइन्दैन। यस प्रक्रियामा पोलेको र टुक्रा पारिएको चुनमा पानी मिसाईन्छ। मुख्य चून सामाग्रीको प्रकृतीमा भर पर्ने यस क्रिया मा धेरै तापक्रम र वाफ बनेर पड्कने सम्भावना पनि हुन्छ। मुख्य चूनले पानी सोसेर लिन्छ र पहिले भन्दा दोब्बर सम्म फुल्छ। त्यस पछि यसलाई कम्तीमा पनि दुई हप्ता सम्म छोपेको खाल्डोमा छाडि राख्नु पर्दछ। यसलाई अरू भाँडामा थिग्राएर खन्याई भण्डार गरि राख्न सकिन्छ। यसको नतिजा चुन सरह हुन्छ। यसबाट लाइम पुट्टि पनि भनिने स्लेक्ड चून बन्दछ, जुन क्रिम जत्तिकै एक नासका हुन्छ।

### चुनया श्रोत

चुनयात छ्वेका व स्लेक याना दय्कि। बाँमला धका यकिन मजु तले न्ह्याबलें स्थानीय तरिका अपने याय्मा। थ्व प्रक्रियाय् पुकातःगु व टुक्रा याना तःगु चुनय् लः ल्वाक छ्याई। मुख्य चुनया प्रकृतीई भर परे जूगु थ्व क्रियाय् यक्व तापक्रम व वाफ बने जुया पड्के ज्वीगु सम्भावना नं दु। मुख्य चुनं लः सोसेयाना काई व न्हापा सियां दोब्बर तक फुलेज्वी। अनंली थ्वैत कम्ती न निगु हप्ता तक तोपुया गाःलय् त्वता तय्मा। थ्वैत मेगु थलय् क्वसीका कया भण्डार याना तय्फु। थुकेया नतिजा चुन थें ज्वी। थुकें लाइम पुट्टि धैगु स्लेक्ड चुन बनेज्वी, गुगु क्रिम थें हे छगु नासया ज्वी।

### Pozzolana for use with lime mortars

Pozzolana is added to lime mortar to achieve a more rapid set. A traditional pozzolana used in Asia is crushed brick. Bricks fired at lower temperatures are preferable. Crushed brick with particles

### चुन मसलासंग पोजालोनाको उपयोग

बढि छिटो जमाउन बज्रमा सुर्खी मिसाईन्छ। एसियामा परम्परागत सुर्खी (ईटाको धुलो) बाट बनाइन्छ। कम तापक्रममा पोलेको ईटाको धुलो बढि प्रभावकारी हुन्छ। कुटेर निकालिएको विभिन्न आकारको

### चुन मसलानापं पोजोलानाया उपयोग

याकन जमे याय्त बज्रलय् सुर्खी ल्वाकछ्याई। एसियाय् परम्परागत सुर्खी अप्पा धूपाखें दय्कु। कम तापक्रमय् पुका तःगु अप्पा धू अप्व प्रभावकारी जू। छ्याना दय्कातःगु अप्पाया टुक्रात

of different sizes is best as the larger particles act as reservoirs of dissolved carbon dioxide around which the lime begins to harden. If quick-setting mortar is required, a mortar mix of 1 lime : 3 sand : 1 crushed brick works well.

The dust of bricks fired at low temperature adds to the strength and durability of mortar made of lime, sand and brick dust.

### The disadvantages of using cement

Aging tests on mortar have shown that mortars containing crushed brick perform much better than mortars with cement added. Adding small quantities of cement to mortar actually reduces its strength and durability. Cement is inappropriate for use in historic buildings. Firstly, cement is extremely hard and brittle and unable to absorb the same natural movement in buildings that can be withstood by lime mortar. Secondly, there is no advantage to be gained by joining two objects with a substance which is harder than the objects being joined. Lastly, the free salts in the cement travel with the moisture, drying out through the surface of the bricks or stones. The salt crystals which form on the surface of the masonry cause cracking and erosion of the stones or bricks.

ईटाका टुक्राहरु अझ राम्रो हुन्छ, कारण ठूलो टुक्राहरुमा घुलित कार्बन डायोक्साइड बढि संचित हुन सक्छ जसको वरिपरि चून कडा बन्ने गर्दछ । यदि छिटो जम्ने मसला चाहिएमा एक भाग चुन, ३ भाग बालुवा र १ भाग ईटाको धुलाको मसलाले राम्रो काम गर्दछ ।

कम ताक्रममा बनाइएको ईटाको धुलोले, चुन र बालुवा मिलेर बनेको मसलालाई अझ बढी शक्ति दिन्छ र बलियो बनाउदछ ।

### सिमेन्ट प्रयोगको बेफाइदा

मसलामा गरिएको उमेर परिक्षणले देखाएको छ कि सिमेन्ट मिसाएको भन्दा ईटाको धुलो मिसाएको मसला बलियो हुन्छ । बज्रमा थोरै मात्रामा सिमेन्ट मिसाएमा यसको शक्ति र आयु झन कम हुन्छ । ऐतिहासिक घरहरूमा सिमेन्ट प्रयोग गर्नु उपयुक्त छैन । पहिलो कुरा, सिमेन्ट एकदम कडा र भंगुर छ र घरहरूको सानो हलचल पनि सहन सक्दैन जुन सुर्खि मसलाले झेल्न सक्दछ । सिमेन्टमा धेरै हुने अलिकति चर्केको खण्डमा पनि गारोमा पानी पस्न सक्दछ । दोश्रा कुरा, जोडिनु पर्ने तत्वहरु भन्दा जोड्ने बस्तु बढि कडा भएमा त्यसमा केही फाइदा हुंदैन । अन्तमा सिमेन्टमा भएको स्वतन्त्र नून वाष्प संगै चल्ने गर्छ, जुन ईँटा र ढुङ्गाको सतहको माध्यमबाट सुक्दछन् । गारोको सतहमा बन्ने नून को कृष्टलहरुले सतहलाई चर्काइ दिन्छ र ढुङ्गा वा ईटालाई क्षति गरिदिन्छ ।

अझ बाँला जु, कारण ततःकूगु लिई घुलित कार्बन डायोक्साइड अप्व संचित ज्वी फु गुकेया छचाख्यलं चुन कडा जू । यदि याकन जमे ज्वीगु मसला मासा छब्वं चुन, स्वब्वं फि व छब्वं अप्पा धूया मसलां बाँलाक ज्या बी ।

कम ताक्रमय दय्का तःगु अप्पाधूलं चुन, फि व अप्पाधू मिले जुया बने जूगु मसलायात अझ अप्व शक्ति बी व बल्लाका बी ।

### सिमेन्ट प्रयोगया बेफाइदा :

मसलाय् याना स्वःगु उमेर परिक्षणं थथेक्यंगु दु कि सिमेन्ट सिबें अप्पाधू अप्व ल्वाक छ्यात कि मसला बल्ला जु । अझ बज्रय् म्हो जक सिमेन्ट ल्वाक छ्यासां थुकेया शक्ति व आयु झन कम याना बी । ऐतिहासिक छेँतय्के सिमेन्ट प्रयोग याय्गु उपयुक्त मजु । न्हापांला, सिमेन्ट एकदम कडा व भंगुर जु अले थुमिसं छेँतय्गु भचा नं हलचल सहयाय् मफु गुगु कि चुन सुर्खिइं झेले याय्फु । मेगु खं, स्वाय् माःगु तत्वत सिबें स्वाकीगु बस्तु अप्व कडा जुलकि उके छुं फाइदा मदु । अन्तय्, सिमेन्टय् दूगु स्वतन्त्र ची वाष्पनापं वना अप्पा व लोंया सतहया माध्यम जुया गनी । अंग या सतहलय् बने ज्वीगु चीया कृष्टलतसें सतहयात चर्के याना बीई अले लों वा अप्पायात स्यंका बीगु याई ।



# CHAPTER 7

## Roofs

# CHAPTER 7

## Roofs

The roof is the most critical element of a traditional building. Once minor roof damage has taken place, the cycle of deterioration is remarkably quick. So quite often roofs need to be reconstructed rather than repaired.

### 7.1. Roof Tiles

Before large terracotta roof tiles were introduced to the valley all buildings were covered with small roof tiles called *jhingati*. *Jhingati* were gradually replaced with corrugated sheets or large tiles. Most recently concrete roofs have become the norm.

Today people do not like to use *jhingati* because it is expensive and requires regular maintenance prior to the monsoon. Many homeowners are replacing *jhingati* with corrugated sheet or concrete slabs. In most restoration projects builders collect the old *jhingati* for re-use as new jhingati is expensive and of inferior quality.

# अध्याय ७

## छाना

छाना परम्परागत घरको सबभन्दा संबेदनशील अंग हो । एकपल्ट छानामा सानो खराबी आयो भने बिग्रिने क्रम अत्यन्तै छिटो हुन्छ । त्यसकारण, छानामा धेरै जस्तो मर्मत भन्दा पुननिर्माणको आवश्यकता हुन्छ ।

### ७.१. झिंगटि

ठूलो टेराकोटाको छाना छाउने टाइलको उपत्यकामा प्रवेश अगि, सबै घरहरु सानो झिंगटिले छाएको हुन्थ्यो । झिंगटिको ठाउँ विस्तारै जस्ता पाता र ठूलो टाईलले लियो । हालैमा रोडाको छाना नै नमूना बनेको छ ।

आजकल मान्छेहरु झिंगटि प्रयोग गर्न रुचाउँदैनन् किनभने यो महङ्गो र वर्षायाम अघि बरोबर यसको सम्भारको आवश्यकता हुन्छ । धेरै जसो घरधनीहरु झिंगटिलाई जस्ता पाता वा रोडा स्लायबले प्रतिस्थापन गर्दैछन् । धेरै पुनरोत्थान आयोजनाहरुमा निर्माणकर्ताहरु पुराना झिंगटिहरु पुनर्प्रयोगको लागि जम्मा गर्छन् किनभने नयाँ झिंगटि महंगा र कम गुणस्तरका हुन्छन् ।

# अध्याय ७

## पौ

पौ परम्परागत छेँया दक सिवे संबेदनशील अंग ख । छक पल्लीई चिधंगु हे जक खराबी वल धासा स्यनिगु क्रम तस्सकं याकन ज्वी । अथे जुगुलिं, पल्लिई अप्व याना मर्मत यायेंगु ल्हवनेगु सिबें पुर्ननिर्माणया आवश्यकता ज्वी ।

### ७.१. आँयपा

ततपाःगु टेराकोटाया टाइलया स्वनिगले प्रवेश न्हय्‌व, दक्व छेँत चीपागु आयँपां तोपुया तःगु ख । आयँपांया थासय् बुलुं जस्ता पाता व तप्पागु टेराकोटां टाईल काल । हालय् रोडाया पौ हे नमूना जूगु दु ।

थौं कन्हे मनुतय् आयँपां पौ छ्यले मय, छाय्‌धासा थ्व थिके जु व वर्षायाम न्ह्यो बराबर थुकेयात सम्भार याय्‌मा । अप्व छेँथुवा तय्‌सं आयँपां पौयात जस्ता पाता वा रोडा स्लायबं प्रतिस्थापन याना च्वंगु दु । अप्व पुनरोत्थान आयोजनातय्‌के निर्माणकर्तातसें पुलांगु आयँपांत पुनर्प्रयोगया लागि जम्मा या छाय्‌धासा न्हूगु आयँपां थिके व कम गुणस्तरया जू ।




*Fig. 94 Roof construction and roof tiles.*
*Terracotta tiles and timber members of the roof structure with their local names. Drawing: N. Gutschow, Newari Towns and Buildings.*

***चित्र ९४. छानाको निर्माण र छाना छाउने टाईलहरु***
*झिंगटिहरु तथा छानामा रहने काठका भागहरु, साथमा तिनका स्थानीय नाम । नक्शा : गुत्शोभ एन. नेवार टाउनस् एन्ड विल्डिङ्गस् ।*

***चित्र ९४. पौया निर्माण व पलिं चीगु टाईलत***
*आँयपा व पल्लिई च्वनिगु सिंया अंगत, नापं उमिगु स्थानीय नां । नक्शा : गुत्शोभ एन. नेवार टाउनस् एन्ड विल्डिङ्गस् ।*



***Fig. 95. The process of laying roof tiles.***
**Top left:** *1" thick sal planking is nailed above the rafters.* **Top right:** *Two layers of tarfelt or multiplas are stuck onto hot bitumen paint. Another layer of hot bitumen paint covers the tarfelt completely.* **Middle left:** *Timber battens to retain the mud bed are nailed over the tarfelt on the diagonal so that if there is water leakage it will flow down.* **Middle right:** *Preparation of mud which comprises soil taken from at least three feet below ground level to ensure there are no seeds to cause vegetative growth. The anti-vegetation chemical Karmex is also mixed in.* **Bottom left:** *Laying of jhingati on the mud bed.* **Bottom right:** *The first row of jhingati is nailed on the plank to avoid shifting or loss.*

***चित्र ९५. छाना छाउने विधि***
***माथि बायाँ:*** *मुसी माथि १" मोटो सालको फल्याक ठोकिंदै ।* ***माथि दायाँ:*** *२ पत्र टारफेल्ट वा मल्टिप्लाष्ट तातो अल्कत्रा माथि राखिन्छ । अर्को एक पत्र तातो अल्कत्राले टारफेल्टलाई पुरै ढाकिन्छ ।* ***बीचको बायाँ:*** *माटो थाम्नका लागि काठका बुजोहरु टारफेल्टको माथि छड्के रुपमा ठोकिन्छन् जसले गर्दा पानी चुहेमा त्यो तल बगोस् ।* ***बीचको दायाँ:*** *(पछि) बिरुवा नउम्रोस् भन्ने पक्का गर्नका लागि माटोको तयारी गर्दा जमीन भन्दा ३ फिट मुनीको माटो लिइन्छ । त्यसमा घाँस नउम्रने रसायन कारमिक्स पनि मिसाइन्छ ।* ***तल्लो बायाँ:*** *माटोको तहमाथि झिंगटि छाउँदै ।* ***तल्लो दायाँ:*** *पहिलो लहरका झिंगटिहरुलाई फल्याकमा ठोकिन्छन् ताकि ती नहल्लियोस् वा नखसोस ।*

***चित्र ९५. पलिं चीगु विधि***
***च्वे खवे:*** *मूसिं च्वे १" फीगु अग्राखया फल्याक ताना च्वंगु ।* ***च्वे जवे:*** *२ पत्र टारफेल्ट वा मल्टिप्लाष्ट पूगु अल्कत्राया च्वे तई । मेगु छ्वः पूगु अल्कत्रां टारफेल्टयात पुरा त्वपुया बी ।* ***बीचय् खवे:*** *चा ठामय् यायत वाल्चा सिं टारफेल्टया च्वे छड्के याना ताई गुकें याना लः ज्वसा व क्वे बगय् ज्वीमा ।* ***बीचय् जवे:*** *घाँय मब्वीमा धका पक्का यायत चाःया तयारी याय् बले बँ सिबे ३ फिट क्वेया चाः काई । उके घाँय् मब्वीगु रसायन कारमिक्स न ल्वाकछ्याई ।* ***क्वे खवे:*** *चा बःया च्वे आयँपां छिना च्वंगु ।* ***क्वे जवे:*** *न्हांपाया झोया आयँपांत फल्याकय् ताना तई ताकि थुपिं मसनिमा वा कुतु मवानिमा ।*

## 7.2 Mud

There are many factors which affect the longevity of the mud under the roof tiles. If the mud is taken from the surface of the ground there will likely be problems with vegetation growing because of seed contamination. The seeds usually germinate in the monsoon and the grass growing between and underneath the tiles causes them to be displaced. Efforts to remove the grass by well-intentioned homeowners climbing on the roof leads to broken tiles and water penetration, the first step to serious structural roof damage.

## ७.२ माटो

झिंगटि ओछ्याएको मुनितिरको माटोको आयुलाई धेरै कुराहरुले असर गर्छन् । यदि माटो माथिल्लो सतहबाट लिएको खण्डमा, त्यसमा बीउ भएको कारणले गर्दा, घाँस उम्रने समस्या आउन सक्छ । बीउहरु सामान्यतया वर्षा याममा पलाउँछन् तथा बीच र मुनीबाट घाँस पलाउनाले, झिंगटिहरु सर्न सक्छन् । सुनियत लिएर घरधनीहरुले छानामा चढी घाँस निकाल्नुका कारण झिंगटिहरु टुक्रा हुन्छन् र पानी चुहिन्छ, जुन छानाको संरचनाको संवेदनशील क्षतिको पहिलो खुड्किलो हो ।

## ७.२ चा

आयँपां छिना तःगु क्वे च्वंगु चाया आयुयात यक्व खं असर या । यदि चा च्वे च्वंगु सतहपाखें लिकया तःगु खःसा, उके पुसा दूगु जूसा, घाँय् ब्वीगु समस्या वय्फु । पुसात सामान्यतया वर्षा यामय् पले जुई । अले दथुं व क्वेनं घाँय् ब्वीगुलिं, आयँपांत सरे जुईफु । घाँय् प्वीया लागि छैँ थुवात सुनियतं पलिई गइबले आयँपांत टुक्रा ज्वी व लः ज्वैगु जुई, गुगु पौ संरचनाया संवेदनशील क्षतिया न्हापागु त्वाथ ख ।



***Fig. 96. Stages of how old buildings collapse.***
*Most often damage to old buildings begins at the roof, which is the weakest point in traditional architecture. Even small leaks in the roof leave the mud bed damp, which in turn leads to rotting of the timber planks. Each monsoon the damage becomes greater. Without intervention, the ultimate effect is the total loss of the roof structure as pictured.*

***चित्र ९६. पुरानो घर भत्किने घटनाक्रमहरु***
*पुराना घरहरुमा धेरैजसो क्षति छानाबाट सुरु हुन्छ, जुन परम्परागत वास्तुकलाको सबैभन्दा कमजोर भाग हो । छानामा सानो भन्दा सानो चुहावटले माटोको तहलाई ओस्याउँछ जसले गर्दा फल्याकहरु कुहिन जान्छन् । हरेक वर्षायाममा क्षति बढ्न जान्छ । केहि गरिएन भने, आखिर गएर सम्पूर्ण छाना संरचनाको विनाश हुन्छ जुन चित्रमा देखाइएको छ ।*

***चित्र ९६. पुलां छैँ दुनिगु घटनाक्रमत***
*पुलां छैंतय्के क्षति अप्व याना पौपाखें सुरु ज्वी, गु कि परम्परागत वास्तुकलाया दक्व सिबे कमजोर अंग ख । पलिई तस्सकं हे चिधंक ज्वया नं चा बःयात प्याकी, गुकें याना सिपुत ध्वग्गिई । हरेक वर्षायामय् क्षति अप्व जुजुं वनी । छुं मयात धासा, लिपा वना सम्पूर्ण पौ संरचनाया विनाश ज्वी गुगु चित्रय् क्यना तःगु दु ।*

In very old buildings we do not see a great deal of vegetation in mud mortar. In the past, elderly interviewees have explained that the clay was put in a fire or fried in terracotta pots to kill the grass seeds. Today there are several anti-vegetation chemicals available in the market. However, our experience indicates that even using these modern chemicals may not work for long as such chemicals have a limited effective life. It is much better to get mud not from the ground level by digging not less than 3 feet below the natural ground level where the soil contains no grass seeds. For best effect, it is wise to add anti-vegetation chemicals.

### 7.3 Laths or Planking or Water Proof Plywood

Historically above the rafters, laths were used. This method is neither structurally sound nor attractive to look at. The gaps between the rough wood make it difficult to fit a water proofing membrane. Today, salwood planking or plywood are the most appropriate materials for supporting the mud bed under the tiles. In addition to providing a good surface to lay a waterproof membrane on, the whole roof structure becomes more rigid when the planking or plywood is nailed to the rafters. The thicker the plywood, the more rigid the roof.



***Fig. 97. Laths above the rafters.***
*A historical house with traditional laths above the rafters in the roof structure.*

***चित्र ९७. मुसी माथि चीर्पट***
*एक पुरानो घर जसको छानामा मुसी माथि परम्परागत चीर्पट लगाइएको ।*

***चित्र ९७. मुसि च्वे बाल्चा सिं***
*पलिई मूसि च्वे परम्परागत बाल्चा सिं तया तःगु छखा पुलां छेँ ।*

पुराना घरहरुमा हामी त्यति धेरै बिरुवा उम्रेको देख्दैनौं । पाका मानिसहरुका अनुसार पहिले पहिले घाँसको बिउलाई मार्नका निम्ति माटोलाई आगोमा राखिन्थ्यो वा माटाका भाडामा भुटिन्थ्यो । आजकल बजारमा विभिन्न घाँस उमार्न नदिने रसायनिक पदार्थहरु पाइन्छन् । तापनि हाम्रो अनुभवमा यस्ता आधुनिक रसायनिक पदार्थहरुले लामो समयसम्म काम नगर्ने देखेका छौं किनभने यी पदार्थहरुको सीमित प्रभावकारिता हुन्छ । माटो जमिनको माथिल्लो सतहको नभई जमिन भन्दा कम से कम ३ फिट मुनिको निकाल्नु उपयुक्त हुन्छ, जहाँ माटोमा घाँसको बिउ हुँदैन । प्रभावकारी असरको निम्ति घाँस उमार्न नदिने रसायनिक पदार्थ मिसाउनु उपयुक्त हुन्छ ।

### ७.३ चीर्पट अथवा फल्याक वा जलाभेद्यक प्लाइ बोर्ड

पहिले पहिले मुसी को माथि चिर्पट लगाइन्थ्यो । यो तरीका न त संरचनाको निम्ति उचित हो न त हेर्नको निम्ति राम्रो हो । खस्रो काठको बीचको प्वालहरुले गर्दा जलाभेद्यक तह राख्न अप्ठेरो हुन्छ । आजकल सालको फल्याक वा प्लाइउड नै झिंगटि मुनिको माटोलाई थाम्नका निम्ति सबैभन्दा उपयुक्त सामग्री हुन् । यसले जलाभेद्यक तह ओछ्याउनका निम्ति राम्रो सतह उपलब्ध गराउनुका साथै, जब फल्याक वा प्लाइउडलाई मुसीमा ठोकिन्छ सम्पूर्ण छानाको संरचना दह्रो बन्छ । जति बाक्लो प्लाइउड, त्यति दह्रो छाना ।



***Fig. 98. Planking above the rafters.***
*Restoration of old house with sal wood planking on the roof structure.*

***चित्र ९८. मुसी माथि फल्याक***
*जिर्णोद्वार गरिएको पुरानो घर जसको छानामा सालको फल्याक राखिएको छ ।*

***चित्र ९८. मुसी च्वे सिंपु***
*पलिई अग्राखया फल्याक तय जिर्णोद्वार याना तःगु छखा छेँ ।*

पुलांगु छेँतय्के अप्व घाँय् बूगु उलि खने मदु । पुलांपिं मनुतय् कथं न्हापा न्हापा घाँय्या पुसा स्याय्त चा यात मीं तई वा चाया थलय् तया पुकेगु याई । थौं कन्हे बजारय् घाँय् ब्वीके मबीत थी थी रासायनिक पदार्थत दु । अय्सां झीगु अनुभवय् थन्यागु आधुनिक रासायनिक पदार्थतय्सं ता ईतक ज्या ब्युगु खने मदु । थ्व पदार्थतय्गु सीमित प्रभावकारिता जक दु । चा बँ या सतलय् च्वगु मखु बँ सिबे ३ फिट क्वेयागु लिकया तय्गु उपयुक्त ज्वी, गन कि घाँय्या पुसा दैमखु । प्रभावकारी असरया निम्ति घाँय् ब्वीके मबीत रसायनिक पदार्थ ल्वाक छ्याय्गु उपयुक्त ज्वी ।

### ७.३ बाल्चा अथवा फल्याक वा जलाभेद्यक प्लाइ बोर्ड

न्हापा मूसिया च्वने बाल्चा सिं तैगु ख । थ्व तरिका न संरचनाया निम्ति उचित जु न त स्वेबले हे बाँला । छ्याकःगु सिंया बीचय् च्वंगु प्वातसें याना जलाभेद्यक तह तय् थाकु । थौं कन्हे अग्राखया फल्याक वा प्लाइउड हे आँय्पाया क्वे चा ज्वंकित तय्गु दक सिबे उपयुक्त सामग्री ख । थुकें जलाभेद्यक तह बिछे याय्या निम्ति बाँलागु सतह दय्किगु या साथे गुकें फल्याक वा प्लाइउडयात मूसिनापं ठोके याय् बले सम्पूर्ण पौया संरचनायात छधि याना बी । गुलि प्लाइउड ख्वातुल, उलीहे पौ बल्लाई ।

## 7.4 Underlays for *Jhingati*

The correct method of laying *jhingati* is important to ensure maximum thermal protection and a sound waterproof roof structure.

### Tarfelt

A common underlay for the tiles is tarfelt. It is generally applied as a double layer using hot bitumen paint between and over the top of the tarfelt. Battens are nailed to secure the mud bed which has been applied with bitumen. This layer will protect the planking from direct contact with the mud bed.

## ७.४ झिंगटिको निम्ति आधार तहहरु

अधिकतम तापीय सुरक्षा र राम्रो जलाभेद्यक छानाको संरचनाको निम्ति ठिक तरिकाबाट झिंगटि छाउनु जरुरी छ ।

### टारफेल्ट

झिंगटिको लागि अत्यधिक प्रयोग गरिने टारफेल्ट हो । यो धेरै जसो २ पत्रमा प्रयोग गन्छि, यसको मुनी र माथि तातो अल्कत्राको लेप लगाइन्छ । माटोको तह धान्नका लागि काठका टुक्राहरु ठोकिन्छ जसमा एक पत्र अल्कत्राको लेप लगाइएको हुन्छ । यो पत्रले फल्याकलाई माटोसँगको प्रत्यक्ष सुरक्षा गर्छ ।

## ७.४ आँय्पाया निम्ति आधार तहत

अधिकतम तापीय सुरक्षा व बाँलागु जलाभेद्यक पौया संरचनाया निम्ति पाय्छि तरिकां आयँपां छीगु जरुरी जु।

### टारफेल्ट

आयँपां लाय्त अप्व प्रयोग ज्वीगु सामाग्री टारफेल्ट ख । थ्वैत अप्व याना निबः याना प्रयोग याई, थुकेया क्वे व च्वे क्वागु अल्कत्राया लेप तई । चाया बः थामे याय्त बाल्चा सिं ताना बी गुके छबः अल्कत्राया लेप नं तयाबी । थ्व पत्रं सिपुयात चाःया प्रत्यक्ष सम्पर्क सुरक्षा बी ।







***Fig. 99. Traditional roof structures - the problem and solution.***
**Left:** *Traditional detail roof structure, where timber peg and planking is directly connected with mud bed.* **Right:** *Improved roof structure with waterproof membrane between mud bed and timber structure.*

***चित्र ९९. परम्परागत छानाको संरचना - समस्या र समाधान***
***बायाँ:*** *परम्परागत छानाको संरचनाको अंश, जस्मा चुकुल र फल्याक प्रत्यक्ष रुपले माटोको तहसँग जुडेको हुन्छ ।* ***दायाँ:*** *सुधार गरिएको छानाको संरचना जस्मा जलाभेद्यक तह माटोको तह र काठको संरचना बीचमा हुन्छ ।*

***चित्र ९९. परम्परागत पौया संरचना - समस्या व समाधान***
***खवे:*** *परम्परागत पौया संरचनाया अंश, गुके चुकू व सिपु प्रत्यक्ष रुपं चाया तहनापं थिया च्वंगु दु ।* ***जवे:*** *सुधार यानातःगु पौया संरचना गुके जलाभेद्यक तह चाबः व सिंया संरचनाया बीचय् ला ।*

According to the manufacturer, tarfelt lasts for 12 -15 years. It is likely that after that time leakage will begin and damage done to the roof structure. Tarfelt is also brittle and breaks easily, especially in cold weather.

**Multiplas**

A better solution, still new to the valley at the time of writing, is multiplas. It is better in quality than tarfelt and lasts at least 50 years as claimed by the manufacturer. Multiplas remains flexible, is easily installed and is supplied with its own sticking agent to secure it to the planking or plywood.

उत्पादकका अनुसार, टारफेल्ट १२ देखि १५ वर्ष सम्म टिक्छ । यो समय अवधि पछि, चुहावट हुने संभावना छ र छानाको संरचनालाई क्षति पार्न सक्छ । टारफेल्ट कडा हुने हुनाले खास गरि चिसोको मौसममा छिट्टै टुक्रिन सक्छ ।

**मल्टिप्लाष्ट**

एक अझ उच्चस्तरको समाधान जुन यो लेख लेखिएको बेला उपत्यकाको लागि नयाँ थियो, त्यो हो मल्टिप्लाष्ट । यो टारफेल्ट भन्दा पनि राम्रो स्तरको हुन्छ र यसका उत्पादकका अनुसार कम से कम ५० वर्ष सम्म टिक्छ । मल्टिप्लाष्ट लच्किलो रहन्छ, सजिलैसँग राख्न सकिन्छ र यो सँग आफ्नै चिप्काउने सामग्री आउँछ जसले यसलाई फल्याक वा प्लाइउडमा टाँस्न मद्दत गर्छ ।

उत्पादकया धापु कथं, टारफेल्ट १२ निसें १५ दं तक तु । थ्व अवधि लिपा लः ज्वय्‌गु संभावना दु अले पौया संरचनायात स्यंका बिई फु । टारफेल्ट कडा जुइगुली याना, खास याना ख्वांगु मौसमय् याकनं ता धया वने फु ।

**मल्टिप्लाष्ट**

छगु अझ उच्चस्तरया समाधान, गुगुकि थ्व लेख च्वगु इले स्वनिगया लागि न्हूगु ख, व ख मल्टिप्लाष्ट । टारफेल्ट सिबें थ्व बाँला व थुया उत्पादक या धापु कथं कम से कम ५० दं तक त्वी । मल्टिप्लाष्ट लचिलो जु, थ्वैत अपुक्क तय्‌ज्यू अले थ्व नापं थःगु हे तिकिगु सामग्री व गुकें याना थ्वैत फल्याक वा प्लाइउडय् तिकित ग्वहालि बी ।



# CHAPTER 8

## Finishes

# CHAPTER 8

## FINISHES

Most houses from the Malla and early Shah periods were constructed with exposed brick surface. The homes of wealthy people, temples and palaces were built using *dachi apa* bricks while those belonging to the middle class were built of *ma apa* bricks and those belonging to poor families were built of sun-dried bricks.

### 8.1 Plaster

Mud or lime plaster has traditionally been used as a finish for walls, floors and decorative elements. The main cause of decay to plaster surfaces is damp or neglect.

# अध्याय ८

## फिनिसिंग (समापन)

धेरै जस्तो मल्लकालीन तथा सुरुको शाहकालीन घरहरू बाहिरका भित्ताहरू को समापन ईटाहरु देखाएर बनाइनथ्यो । धनी मानिसहरूका घरहरू, मन्दिरहरू तथा दरवारहरू दची अप्पाले बनाइन्थ्यो भने सामान्य जनताका घरहरू माः अप्पाले र निम्न बर्गीय जनताका घरहरू घामले सुकाईएका इटाहरू द्वारा बनाइन्थ्यो ।

### ८.१ प्लास्टर

भित्ता, भुई तथा सजावटका वस्तुहरूको समापनमा माटो वा चूनको मसला परम्परागत ढंगले प्रयोग गरिन्थ्यो । क्षतिका मुख्य कारणहरूमा ओस वा वेवास्ता नै हुन्थ्यो ।

# अध्याय ८

## फिनिसिंग (समापन)

अप्व याना मल्लकालीन व शाहकालीनया सुरुया छेत पिनेया अंगःत अप्पां ब्वया दय्किगु ख । धनी मनु तय्गु छेँत, देगःत व दरवारत दची अप्पां दय्कीगु ख धासा सामान्य जनताया छेँत माः अप्पां व निम्न बर्गीय जनताया छेँत कचि अप्पां दय्कीगु ख ।

### ८.१ प्लास्टर

अंग, बं व सजावटया बस्तुतय्गु समापनय् चा वा चूनया मसला परम्परागत ढंगं प्रयोग या । क्षतिया मू कारणत ओस वा वेवास्ता हे जू ।





***Fig. 100. Damage to plaster by ground damp.***
**Left:** *Mud plaster and bricks damaged at ground level by ground damp.* **Right:** *Lime surkhi plaster damage by rising damp. Damaged is usually caused in areas which become damp then dry out often. Areas which usually remain damp are less affected.*

***चित्र १००. भुईंको ओसको कारण प्लास्टर क्षति भएको***
**बायाँः** *भुइँ तल्लामा माटोको प्लास्टर तथा ईटा ओसद्वारा क्षति भएको ।* **दायाँः** *भुईबाट आएकोको ओसले गर्दा चुन सुर्की प्लास्टर बिग्रेको । त्यस्तो ठाँउमा धेरै बिग्रिने संभावना हुन्थ्यो जहाँ पहिले चिसो र त्यसपछि सुक्ने गर्दछ । तर सधैं नै चिसो रहने ठाउँ कम बिग्रने हुन्छ ।*

***चित्र १००. बं वःगु ओसया कारण प्लास्टर क्षति जूगु***
**खवेः** *छ्यली तँय् चाःया प्लास्टर व अप्पा ओस पाखें स्यंगु ।* **जवेः** *व नथांहा वःगु ओसईं याना चुन सुर्की प्लास्टर स्यंगु । अन्यागु थासय् अप्व स्यं जु गन न्हापां ख्वांउ ज्वी अले गनिगु ज्वी । तर न्ह्याबलें ख्वाउं ज्वी थाय् कम स्यं ।*

### Traditional mud plaster

Buildings are often mud plastered on the inside walls. Normally, ground floors were not plastered from the inside because of ground floor rising damp. Modern day homeowners don't wish to maintain mud plaster and prefer to replace with cement plaster. Many people no longer know how to apply mud plaster. However, while there is no doubt that mud plaster needs periodic maintenance, it is an effective heat insulator and does not trap the damp.

### परम्परागत माटो प्लास्टर

घरहरूमा प्रायः जसो भित्री भित्ताहरूमा माटोको प्लास्टर गरिन्छ । साधारणत भुइ तल्लाका भित्री भित्ताहरू जमीनबाट उठ्ने ओसको डरले पनि प्लास्टर गरिंदैनथ्यो । आजकल घरधनीहरू माटोको प्लास्टर कायम राख्न ईच्छा राख्दैनन् र माटोको सट्टा सिमेन्ट प्रयोग गर्न बढि रुचाउछन् । अहिलेका धेरै जसो मानिसहरूलाई माटोको प्लास्टरको प्रयोग बारे ज्ञान छैन । माटोको प्लास्टरलाई निरन्तर हेरचाहको आवश्यकता हुन्छ भन्ने बारेमा शंकै छैन । माटोको प्लास्टर द्वारा ताप प्रतिरोधको काम गर्दछ र ओसलाई फसाई राख्ने गर्दैन ।

### परम्परागत चाया प्लास्टर (लिउन)

छेँ याके प्रायः दुनेया अंग तय्के चाया प्लास्टर याईगु ख । साधारणत छ्यली तंया दुनेया अंगत बं पाखें ओस वई धका ग्याना गुबलें हे प्लास्टर याईगु मया । थौकने छेँथुवात चाया प्लास्टर तयगुज्या मयः व चाया थासे सिमेन्ट प्रयोग याय् अप्व ययेकु । आयापिं अप्व मनु तय्के चाया प्लास्टरया प्रयोग बारे ज्ञां मदु । चाया प्लास्टरयात निरन्तर हेरचाहया आवश्यकता मा धैगु बारे शंका हे मदु । चाया प्लास्टरं ताप प्रतिरोधया ज्या या व ओसयात फँसे याना तयेगु ज्या मया मखु ।

### Base coat

| | | | |
|---|---|---|---|
| Materials required | 1. *Black clay or yellow clay | 2 parts |
| | 2. Cow dung | 1 part |
| | 3. Rough rice husks | 2 parts |

(*excavated from 4 - 5 ft. below the ground level to avoid grass seeds)

These materials are mixed with water until it is a homogeneous paste. Some water is added in the pit and the mixture is allowed to remain in the open air for at least 2 - 3 weeks. It has to be checked everyday and water added from time to time to keep the whole mass wet all the time. Before the mud plaster is applied to the wall, the wall must be cleaned properly and washed with cow dung slurry to make the wall surface sticky. Then a base coat of mud plaster ½" - 1" thick should be applied to the wall surface.

### Final coat

| | | |
|---|---|---|
| Materials required | 1. Fine sticky clay | 1 part |
| | 2. Cow dung | 1 part |

After the base coat is dry cracks will probably form. These must be filled with mud plaster before applying the final coat. Only when the plaster is dry can the final coat be applied. The process of mixing is the same as but the ratio of cow dung to clay is 1:1. The clay must be fine plastic clay. The fine clay can be found in particular parts of the field. The use of cow dung prevents cracking of the plaster because it contracts upon drying. Cracks will develop if the cow dung is not used in the required quantity. Thickness of the plaster should be minimal.

### Traditional lime plaster

Lime plaster is always recommended because of its porosity. It is especially useful on walls in hot and humid climates. Lime prevents excessive moisture being trapped within walls, letting them breathe. Lime plaster is prepared in the same way as lime mortar, however the layers are built up differently.

### आधार तहः कोरा

| | | |
|---|---|---|
| चाहिने सामानहरू | १. *कालो माटो वा पहेलो माटो | २ भाग |
| | २. गाईको गोबर | १ भाग |
| | ३. खस्रो धानको भुस | २ भाग |

(*जमीन बाट ४-५ फिट मुनिबाट निकालिएको ता कि त्यसमा घासका बिउहरू नहोस्)

यी माथिका सामानहरू एकनासको लेदो नबने सम्म पानी सँग घुल्ने गरी मिसाईन्छ । त्यसपछि खाल्डोमा केहि पानी भरिन्छ र त्यो मिश्रणलाई कम से कम २-३ हप्ता सम्म खुला आकासमा राखि छोडिन्छ । यसलाई दिनहुँ हेरि राख्न र भिज्ने बनाई राख्न समय समयमा पानी थपि राख्नु पर्दछ । भित्तामा माटोको प्लाष्टर लगाउन अगाडि पहिले भित्तालाई राम्ररी सफा गरि गारो सतहमा टाँस्सिने गराउन गोबर र पानीको मिश्रणले राम्ररी पोत्नु पर्दछ । त्यसपछि १/२”-१” मोटाईको माटोको प्लास्टरको आधार तह भित्तामा लगाउन पर्दछ ।

### अन्तिम तह

| | | |
|---|---|---|
| चाहिने सामानहरू | १. मलिलो टाँस्सिने माटो | १ भाग |
| | २. गाईको गोबर | १ भाग |

आधार तह सुकेपछि त्यहाँ सम्भवतः फुटहरु बन्न सक्दछ । अन्तिम कोट लगाउन अगाडि यी फुटहरूलाई माटो प्लाष्टरले राम्ररी भर्नु पर्दछ । प्लाष्टर राम्ररी सुकेपछि मात्र अन्तिम तह लगाउन पर्दछ । मिश्रण गर्ने प्रक्रिया पहिले जस्तै हो तर गोबर र माटोको अनुपात १:१ को हो । माटो एकदमै मसिनो र मलिलो हुनु पर्दछ । यो मसिनो माटो जमीनको कुनै खास ठाँउहरुमा पाउन सकिन्छ । गोबरले प्लास्टरलाई फुट्नबाट जोगाउँदछ किनकि यो सुक्दा खुम्चिन्छ । गोबरको मात्रा राम्ररी पुगेन भने फुटहरू आउने हुन्छ । प्लास्टरको मोटाई सकेसम्म कम हुनु पर्दछ ।

### परम्परागत चून प्लास्टर

छिद्रताले गर्दा चून प्लास्टरलाई सँधै सिफारिस गरिन्छ । गर्मी र आर्द्र ठाउँका भित्ताहरूमा खासगरि यो बढि उपयोगी हुन्छ । चूनले भित्ताहरु भित्र बढि वाष्प जम्नबाट जोगाएर यसलाई सास फेर्न दिन्छ । चून प्लास्टर पनि चून मसला जस्तै नै बनाइन्छ तर यसको तहहरू फरक किसिमले बनाइन्छ ।

### आधार तहः कोरा

| | | |
|---|---|---|
| मा:गु सामानत | १. *कंचा वा म्हासु चा | २ भाग |
| | २. साया गोवर | १ भाग |
| | ३. छ्याकगु मं | २ भाग |

(*बँया ४-५ फिट क्वेतं लिकया त:गु, ता कि उके घाँय्या पुसा मदय्मा)

थ्व च्वेया सामानत एकनासया लेदो बने मजु तले लखय् घोले याना ल्वक छ्याई गा:लय् भचा ल: जाय्कि व मिश्रणयात म से कम २-३ हप्ता तक खुला आकासय् तोता तई । थ्वैत न्हि न्हि हेर बिचार याना प्याका तय्त ई ई लय् ल: थपे याना च्वनेमा । अंगले चाया लिउन तय् न्ह्यो न्हापां अंगयात बांलाक सफा याना बालाक टास्सेजुइकीत अंगलय् गोबर व ल:या मिश्रणं बाँलक्क इलेगु यायेमा । अनंलि १/२”-१” ख्वतुगु लिउनया आधार तह अंगय् तय्मा ।

### अन्तिम तह

| | | |
|---|---|---|
| मा:गु सामानतः | १. नाईसे च्वंगु पँचा थाइगु चा | १ भाग |
| | २. साया गोबर | १ भाग |

आधार तह गने धुंका सम्भवत अन तज्याना फुटत दय्फु । अन्तिम तह तय् न्ह्यो व फुटतय्त चाया प्लाष्टर बालाक्क भरे याय्मा । प्लाष्टर बाँलाक्क गने धुंका जक अन्तिम तह तय्मा । मिश्रण यायेगु प्रक्रिया न्हापा थें हे ख तर गोबर व चाया अनुपात १:१ या ज्वी । चा एकदम मसिनो व मलिलो ज्वीमा । थ्व मसिनो चा खास थासय् जक दु । गोबरं प्लास्टरयात तज्याई पाखें जोगे याई छाय्धासा थ्व गनकि खुम्चे ज्वी । गोबरया मात्रा मगात धासा फुटत वई । प्लास्टरया फी फत्तले कम ज्वीमा ।

### परम्परागत चून प्लास्टर

छिद्रतां याना चून प्लास्टरयात न्ह्याबलें सिफारिस याई । गर्मी व आर्द्र थासे अंगतय्के थ्व खास याना अप्व ज्या लगे जू । चूनं दुने पाखे अप्व वाष्प जमय् ज्वी पाखें बचे याना अंग तय्त सास फेरे याकिबी । चून प्लास्टरनं चून मसला थें हे दय्की तर थुकेया तहत फरक किसिमं दय्की ।

**Base coat**

| | | |
|---|---|---|
| Materials required | 1. *Surkhi* | 3 parts |
| | 2. Slaked Lime | 1 part |
| | 3. Sand | 2 parts |

This is a general mixing ratio for lime *surkhi* plaster. Before application, the surface needs to be cleaned properly. The thickness of this base plaster should be 1/2" - 3/4".

Low fired *surkhi* adds strength and durability to lime plaster and *surkhi* mortar. It is best to use *surkhi* in the 75 - 300 microns range rather than fine dust. Because the low quality of lime available on the market, many people mix in cement which actually reduces the strength and durability of the plaster. Lime stone should be slaked for use in plaster (see on Chapter 6).

**Second coat**

| | | |
|---|---|---|
| Material required | 1. *Surkhi* | 2 parts |
| | 2. Slaked Lime | 1 part |

If a second coat is not applied before the final coat, cracking will develop quickly. Some homeowners use fine surkhi in the base coat to achieve a smooth finish then apply a final coat immediately on top of that, however, cracks then develop quickly. The thickness of the second coat should be minimal.

**Final coat**

| | | |
|---|---|---|
| Materials required | 1. *Surkhi* | 1 part |
| | 2. Slaked Lime | 2 parts |

When the second coat is completely dry, a final coat of 2 parts lime and 1 part *surkhi* mix is applied. In some cases only a layer of very fine lime mixed with water is applied over the second layer of lime *surkhi* plaster. The thickness of this final layer should be less than 1/8". It is allowed to air dry then finished with a smaller tool to make the surface plain and smooth.

## 8.2 Ornamental Works

Decorative ornamental works characterize traditional architectural style. They give facades architectural expression. There are still many houses which have various decorative ornamental works made of terracotta, plaster and timber. For

**आधार तह**

| | | |
|---|---|---|
| चाहिने सामानहरू | १. सुर्खी | ३ भाग |
| | २. चून | १ भाग |
| | ३. बालुवा | २ भाग |

यो चून सुर्खी प्लाष्टरको लागि प्रयोग हुने साधारण मिश्रण अनुपात हो । यो प्रयोग गर्न अगाडी सतहलाई राम्ररी सफा गरिनु पर्दछ । यो आधार तह प्लास्टरको मोटाई १/२"-३/४" हुनु पर्दछ ।

कम पोलेको सुर्खीले चून प्लास्टर र सुर्खी मसलामा बल र टिकाउपन बढाई दिन्छ । मसिनो धुलो सट्टा ७५-३०० माईकोणको सुर्खीको प्रयोग गर्नु राम्रो हुन्छ । बजारमा कम गुणस्तरको चून पाईने भएकोले मान्छेहरू सिमेन्ट मिसाएर पनि प्रयोग गर्दछ जसले मसलाको बल र टिकाउपन वास्तवमा घटाई दिन्छ । मसलाको लागि प्रयोग गर्न चून ढुंगालाई स्लेक गर्नु पर्दछ । (हेर्नुहोस् अध्याय ६ मा)

**दोश्रो तह**

| | | |
|---|---|---|
| चाहिने समानहरू | १. सुर्खी | १ भाग |
| | २. चुन | २ भाग |

यदि अन्तिम तह अगाडी दोश्रो तह लगाईएन भने त्यहाँ फुटहरू चाँडै आउनेछ । कोहि घरधनीहरु चिल्लो फिनिसिंगको लागि आधार तहमा मसिनो सुर्खी प्रयोग गर्दछन् र फेरि त्यस माथि एउटा अन्तिम तह लगाउने गर्दछ । अनि फुटहरू चाँडै आउने हुन्छ । दोश्रो तहको मोटाई कम से कम हुनु पर्दछ ।

**अन्तिम तह**

| | | |
|---|---|---|
| चाहिने सामानहरू: | १. सुर्खी | १ भाग |
| | २. चून | २ भाग |

जब दोश्रो तह राम्ररी सुक्दछ, अनि २ भागका चून र १ भागको सुर्खीको मिश्रणको अन्तिम पत्र लगाइन्छ । कहिले काहि भने मसिनो चूनलाई पानीसंग मिलाई बनाईएको एक तहलाई चून सुर्खी प्लास्टरको दोश्रो तह माथि लगाईन्छ । यो अन्तिम तहको मोटाई चाहि १/८" भन्दा कम हुनु पर्दछ । यसलाई हावामा सुकाई सानो औजारद्वारा समथल र मिहिन गरिन्छ ।

## ८.२ आभुषणको कामहरु

प्लास्टरमा गरिएका अलंकारयुक्त आभुषणका कार्यहरूले परम्परागत वास्तुकलाका शैलीहरूलाई दर्शाउँछ । तिनीहरूले मोहडालाई वास्तुकलाको अभिव्यक्तिलाई बोध गराउँदछ । अझै पनि यहाँ धेरै घरहरू छन् जसमा टेराकोटा, प्लाष्टर र काठका अलंकारयुक्त

**आधार तह**

| | | |
|---|---|---|
| मा:गु सामानत | १. सुर्खी | ३ भाग |
| | २. चून | १ भाग |
| | ३. फी | २ भाग |

थ्व चून सुर्खि प्लाष्टरया लागि प्रयोग ज्वीगु साधारण मिश्रण अनुपात ख । थ्व प्रयोग याय् न्ह्यो सतहयात बांलाक सफा याय्मा । थ्व आधार तह प्लास्टरया फी १/२" - ३/४" ज्वीमा ।

कम बूगु सुर्खीई चून प्लास्टर व सुर्खी मसलाय् बल व टिकाउपन बढे याना बी । मसिनो धू थासय् ७५-३०० माईकोणया सुर्खीया प्रयोग याय् बाँलाई । बजारय् कम गुणस्तरया चून दईगु लिं मनु तसें सिमेन्ट नं ल्वाकाध्याना प्रयोग या गुकें याना मसलाया बल व टिकाउपन वास्तवय् घटे याना बी । मसलाया लागि प्रयोग याय्त चून यात स्लेक याय्मा । (स्वया दिसं अध्याय ६)

**दोश्रो तह**

| | | |
|---|---|---|
| मा:गु सामानत | १. सुर्खी | १ भाग |
| | २. चुन | २ भाग |

यदि अन्तिम तहया न्ह्यो दोश्रो तह मतल धासा याकनं तज्याय्फु । सुं छेँथुवा तय्सं फिनिसिंग पिच्चुसे च्वंकेत आधार तहय् मसिनो सुर्खी प्रयोग याई व हाकनं उके द्यने छगु अन्तिम तह तय्गु या । अले याकन तज्याई । दोश्रो तह गुलि फु उली चीफि ज्वीमा ।

**अन्तिम तह**

| | | |
|---|---|---|
| मागु सामानत : | १. सुर्खी | १ भाग |
| | २. चून | २ भाग |

जब दोश्रो तह बाँलाक गनी अले २ भाग चून व १ भाग सुर्खीया मिश्रणया अन्तिम तह लगे याई । गुब्लें गुब्लें धासा मसिनो चूनयात लः नापं मिले याना दय्का तःगु छगु तहयात चून सुर्खी प्लास्टरया दोश्रो तहया च्वे लगे याई । थ्व अन्तिम तहया मोटाई चाहि १/८" सिवें कम ज्वीमा । थ्वैत फसय् गंके धुंका चिधंगु औजारं समथल व मिहिन याना बिई ।

## ८.२ आभुषणया ज्यात

प्लास्टरय् याना तःगु अलंकारयुक्त आभुषणया ज्यातसें परम्परागत वास्तुकलाया शैलीतय्त क्यं । थुम्सं मोहडायात वास्तुकलाया अभिव्यक्तियात बोध याकु । आ हे नं थन यक्व छेँत दनी गुके टेराकोटा, प्लाष्टर व सिंया अलंकारयुक्त आभुषणया

